# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४६ | काठमाडौं | मंगलबार, ३१ भदौ २०८२ | Prabhab National Daily | Tuesday, 16 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# चुनावमा जान प्रमुख दलहरू तयार

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा विघटनको विरोधमा उत्रिएका दलहरू मध्यावधि चुनावमा भने जान तयार भएका देखिन्छन् । जेन-जी आन्दोलनको बलमा प्रधानमन्त्री बनेकी सुशीला कार्की नेतृत्वको सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन घोषणा गरेसँगै दलहरूले यस्तो संकेत गरेका हुन् ।

विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले कार्की नेतृत्वको सरकारलाई सघाउन अपिल गरेका छन् । जेन-जीको आन्दोलनपछि सिर्जना भएको परिस्थितिलाई स्वीकार गर्दै चुनावमा जानुको विकल्प नभएको उनले बताएका छन् ।

'अन्तरिम सरकार गठन भइसकेको छ, निर्वाचनको मिति घोषणा भएको छ । एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकोले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔं, यसको निमित्त निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गरौं,' थापाले सोमबार विज्ञप्तिमार्फत भनेका छन् ।

तोकिएकै मितिमा निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई ट्र्याकमा ल्याउनु अहिलेको मुख्य विषय भएको उनले बताएका छन् । अघिल्लो दिनमात्र कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले प्रतिनिधिसभाको विघटन असंवैधानिक रहेको बताएका थिए । 'संविधानबमोजिम जनताबाट लोकतान्त्रिक विधिअनुसार निर्वाचित देशकै सर्वोच्च प्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाको विघटनको कार्य पूर्णरूपमा अलोकतान्त्रिक र असंवैधानिक छ,' आइतबार उपसभापति खड्काले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा भदौ २३ गते जेन-जीको प्रदर्शनको क्रममा आफ्नै निवासमा आक्रमणमा परी घाइते भएका छन् । देउवा उपचारमै भएकोले कांग्रेसका आधिकारिक धारणा भने केन्द्रीय समिति बैठकपछि मात्र आउने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताउँछन् । प्रतिनिधिसभामा दोस्रो रहेको नेकपा एमालेका महासचिव शंकर पोखरेलले पनि निर्वाचनमा जान आफ्नो पार्टी तयार रहेको बताएका छन् ।


क्रमशः पृष्ठ २ मा




अन्तरिम सरकार गठन भइसकेको छ । निर्वाचनको मिति घोषणा भएको छ । एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकोले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔं, यसको निमित्त निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गरौं ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस



यो सरकार अन्तरिम सरकार भएका नाताले उसको कर्तव्य समयमा निर्वाचन गराउने हो, शान्ति सुरक्षाको वातावरण तयार गरेर समयमा निर्वाचन गराउने क्रममा सरकारको ध्यान जाने छ । मुलुकलाई संविधानतर्फ फर्काउनका लागि तोकिएकै समयमा निर्वाचन गर्न जरूरी छ ।

**शंकर पोखरेल**
महासचिव, नेकपा एमाले



अन्तरिम सरकार बनेर निर्वाचनको मिति घोषणा भइसकेको छ । त्यही स्थितिबाट घोषित मितिमा चुनाव हुनुपर्छ भनेर एकजुट भएर जानुपर्ने अहिलेको आवश्यकता हो ।

**नारायणकाजी श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष, माओवादी केन्द्र

# कार्की क्याबिनेटमा आशा जगाउने अनुहार

## तीन मन्त्रीका लोकप्रिय निर्णय

**अर्थमन्त्री खनाल**


- **पहिलो निर्णयः** पूर्वतयारी नभएका र टुक्रे आयोजना कार्यान्वयन नगर्ने
- मन्त्री भएबापत अतिरिक्त सुविधा नलिने घोषणा, निजी सुरक्षागार्ड (पिएसओ), सवारीसाधन लगायत सुविधा नलिने
- नामको अगाडि 'माननीय' नजोड्न आग्रह

**ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री घिसिङ**

- **पहिलो निर्णयः** उद्योगीबाट उठाउन बाँकी आठ अर्ब रूपैयाँ महसुल उठाउने, क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि विशेष कोष खडा गर्ने, सरकारी संरचनामा पुगेको क्षतिको मूल्यांकन र पुनर्निर्माण कार्ययोजना एक साताभित्र तयार गर्ने
- कुनै सरकारी सुविधा नलिने, आफ्नो तलब सहिद परिवारलाई सहयोग गर्ने, खादा/माला ग्रहण नगर्ने, 'माननीय' अस्वीकार

**गृह र कानुनमन्त्री अर्याल**

- **पहिलो निर्णयः** जेन-जी आन्दोलनमा मारिएकाहरूको सम्मानमा राष्ट्रिय झण्डा झुकाउने र शोक दिवस मनाउने, मृतकका परिवारलाई काजकिरिया खर्चका लागि तत्काल एक लाख रूपैयाँ उपलब्ध गराउने



**रामेश्वर खनाल**
मन्त्री, अर्थ मन्त्रालय



**कुलमान घिसिङ**
मन्त्री, ऊर्जा/भौतिक पूर्वाधार/सहरी विकास



**ओमप्रकाश अर्याल**
मन्त्री, गृह र कानुन

■ जेबी योञ्जन

**काठमाडौं–** जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीले विषयगत विज्ञ र लोकप्रिय छविका स्वतन्त्र व्यक्तिहरूलाई समेटेर मन्त्रिपरिषद् गठन गरेकी छन् । उनको मन्त्रिपरिषद्मा पूर्वअर्थसचिव रामेश्वर खनाल अर्थमन्त्री, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङ ऊर्जा, जलस्रोत तथा सिँचाइसँगै भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री नियुक्त हुँदा सुशासनका पक्षधर अधिवक्ता ओमप्रकाश अर्याल गृहसँगै कानुनमन्त्री बनेका छन् ।

यी तिनै जना आ-आफ्ना क्षेत्रमा लोकप्रिय छविका व्यक्तित्वहरू हुन् । उनीहरूले सोमबार पद तथा गोपनीयताको शपथ ग्रहण गरी आ-आफ्नो मन्त्रालयमा पदभार सम्हालेका छन् । यही २७ भदौमा प्रधानमन्त्री नियुक्त कार्कीले दुई दिनपछि खनाल, घिसिङ र अर्याललाई समेटेर सानो आकारको मन्त्रिपरिषद् विस्तार गरेकी हुन् । मन्त्रिपरिषद्मा समेटिएका व्यक्तिहरूको विगतको छविले कार्की सरकारप्रति आशा जगाएको छ । नवनियुक्त मन्त्रीहरूले पदभार ग्रहण गर्ने क्रममा गरेका निर्णयले पनि कार्की सरकारप्रति जनभरोसा बढ्ने देखिएको छ ।

अर्थमन्त्री खनाल र ऊर्जामन्त्री घिसिङले कुनै पनि सरकारी सुविधा नलिने घोषणा गरेका छन् । यसअन्तर्गत सवारीसाधन, व्यक्तिगत सुरक्षा, तलब र भत्ता आदि पर्छन् । विगतमा दलबाट मन्त्री भएकाहरू भने अतिरिक्त सुविधा पनि लिन्थे, जसकारण विवादित हुन्थे ।

सत्ता शक्ति दुरूपयोग गर्थे । हाइफाइपूर्ण ढंगले हिँड्थे । तर, कार्की सरकारका यी दुई मन्त्रीले प्राप्त सबै सुविधा नलिने घोषणा गरेर जनताबाट वाहवाही कमाएका छन् ।

यसबाहेक नवनियुक्त मन्त्रीहरूले केही महत्त्वपूर्ण निर्णय पनि गरेका छन् । ऊर्जामन्त्री घिसिङले १० वर्षदेखि ४६ वटा उद्योगबाट उठ्न बाँकी आठ अर्ब रूपैयाँ डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल उठाउने पहिलो निर्णय गरेका छन् । गत ११ चैतमा उनलाई तत्कालीन केपी शर्मा ओली सरकारले बर्खास्त गर्नुको मूल कारण महसुल उठाउन गरेको जोडबल नै थियो ।


क्रमशः पृष्ठ २ मा


## मन्त्रिपरिषद्का निर्णयहरू

- जेन-जी आन्दोलनमा निधन भएकालाई सहिद घोषणा, राष्ट्रिय सम्मानसहित अन्त्येष्टि
- मृतकका परिवारलाई १५ लाख राहत, घाइतेको नि:शुल्क उपचार
- सहिदहरूको सम्मानमा जेन-जी स्मारक पार्क बनाइने
- असोज १ मा शोक दिवस, सार्वजनिक बिदा र राष्ट्रिय झण्डा आधा झुकाउने
- जेन-जी आन्दोलनको छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग
- ओली नेतृत्वको मन्त्रिपरिषद्मा पेस भएका सबै प्रस्ताव मन्त्रालयमै फिर्ता

**सन्दर्भः वैदेशिक रोजगार**

# आगजनीबाट ध्वस्त प्रहरी चौकीको पुन:स्थापना र पुनर्निर्माणमा संघले सघाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जेन-जी आन्दोलनका क्रममा क्षति भएका प्रहरी बिट तथा चौकीहरूको मर्मतसंहार र पुनर्निर्माणमा सघाउने भएको छ । सुरक्षा संयन्त्रविना व्यवसाय चल्न नसक्ने र नागरिककोसमेत पहिलो प्राथमिकता नै शान्ति सुरक्षा भएकाले सुरक्षाकर्मीलाई आफ्नो नियमित काममा फर्काउन पहल गर्ने संघले जानकारी दिएको हो ।

संघका अनुसार धेरै व्यवसायीहरू भएको चक्रपथ आसपासमा क्षति भएका चौकीको मर्मतसंहारमा सहयोग गरिने छ । संघले आइतबारको कार्यसमिति बैठकबाट यो निर्णय गरेको हो । बैठकपछि व्यवसायीहरूलाई आर्थिक सहयोगका लागि आह्वान गरिएको छ । व्यवसायीले आफ्नो इच्छाअनुसार सहयोग गर्न सक्ने संघको भनाइ छ । सोमबारबाट आर्थिक संकलन तथा क्षतिको विवरण संकलनको काम थालिएको संघका महासचिव महेश बस्नेतले जानकारी दिए ।

विवरण संकलन गरेपछि मात्र कसरी काम गर्न उपयुक्त होला भनेर निर्णय गर्न सकिने उनले बताए । 'जति पनि प्रहरी बिट, वृत्त, चौकी छन् यी सबैलाई कसरी पुनर्स्थापना गर्ने र जलेका भत्केका ठाउँहरूको पुनर्निर्माणमा कसरी सहयोग गर्ने भनेर तयारी गरिरहेका छौं । सम्बन्धित ठाउँबाट सबैको विवरण माग गरिरहेका छौं । व्यवसायीहरूलाई आह्वान गरिरहेका छौं,' बस्नेतले भने, 'यो कार्य संस्थागत सामाजिक उत्तरदायित्व (सिआरएस) भित्र पर्ने भएकाले व्यवसायीहरूले पनि योगदान गर्नुहुन्छ ।'

आंशिक क्षति भएका संरचनाको मर्मत सम्हारमा ध्यान दिने र मर्मत नहुने अवस्थामा नयाँ भवनहरू बनाउन के कति सहयोग गर्न सकिन्छ भनेर तयारी गरिरहेको महासचिव बस्नेतले बताए । विवरण संकलनका लागि यो हप्ताभरि लाग्न सक्ने उनले बताए । यसका लागि काठमाडौंको चक्रपथभित्र हरेक तीन किलोमिटर आसपासमा गठन भएका नौ वटा व्यवसाय समन्वय टिमले संयोजन गरिरहेको जनाइएको छ । यो अभियान काठमाडौंमा मात्र हुने उनको भनाइ छ । यस अवधिमा वैदेशिक रोजगारीको कामलाई भने नरोक्ने जनाइएको छ ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले व्यवसायीको मूल प्राथमिकता भने सुरक्षा नै रहेको बताए । 'अहिलेको सन्दर्भमा कामसँग त सरोकार नै भएन नि । देश नै यस्तो स्थीतिमा छ । कामभन्दा नि समाजसेवा गर्न खोजेको हो । नागरिकदेखि व्यवसायीसम्मलाई सुरक्षा चाहियो । नागरिकमा त्रासको वातावरण छ,' गुरुङले भने, 'राज्य शून्यताको अवस्थामा र सुरक्षाविहीन भएकाले प्रहरीहरूलाई आफ्नो नियमित काममा फर्काउने वातावरण बनाउनका लागि पहल गर्दै छौं, यो अवस्थामा व्यवसायीले पनि राज्यका लागि योगदान गर्न सक्छ है भन्ने सन्देश पनि हो ।'


क्रमशः पृष्ठ २ मा







नागरिकदेखि व्यवसायीसम्मलाई सुरक्षा चाहियो । नागरिकमा त्रासको वातावरण छ । प्रहरीलाई आफ्नो नियमित काममा फर्काउने वातावरण बनाउनका लागि पहल गर्दै छौं, यो अवस्थामा व्यवसायीले पनि राज्यका लागि योगदान गर्न सक्छ भन्ने सन्देश पनि हो ।

**भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

# फेरि उभिनेछ सिंहदरबार



तस्बिरः रासस

■ सिबी अधिकारी

**काठमाडौं–** जेन-जी प्रदर्शनको क्रममा भएको आगजनीले खण्डहर बनेको छ, सिंहदरबार । तर पनि शिरमा फहराइरहेको छ चन्द्र सूर्य अंकित राष्ट्रिय झण्डा । झण्डासँगै आशा र विश्वास बोकेर उभिरहेको छ, सिंहदरबार ।

आगोका लप्काले खाएको सिंहदरबार नियाल्दै गरेका त्रिभुवन विश्वविद्यालयका प्रा.डा. केशव बस्याल निकै भावुक देखिन्थे । तर पनि नेपाल र नेपालीको आस्थाको धरोहर फेरि उभिनेमा उनी उत्तिकै आशावादी छन् । रसिलो आँखा पार्दै उनले भने, 'यो सबै दृश्य मेरा आँखाले राम्रोसँग हेर्न पनि सकेका छैनन्, स्वाभाविकरूपमा भावुक छु, तर निराशासँगै आशा र विश्वास ढलेको छैन । पक्कै फेरि पनि सिंहदरबार उभिने छ भन्नेमा म विश्वस्त छु ।'

सिंहदरबार आगजनी र तोडफोडले कुरूप बनेको छ । भग्नावशेषमाथिको झण्डाले साँच्चिकै फेरि राष्ट्रिय एकतासहित उठ्नुपर्छ भन्ने भाव बोलिरहेझैं लाग्छ । धुवाँधुवाँ बनेका सिंहदरबारको भित्ताहरूका कला कौशलले पुनर्निर्माण पर्खिरहेका छन् । आकर्षक शिल्पी र कला धुँवाको पोतोले लतपतिएका छन् ।

आइतबारदेखि सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किएका छन् । आगजनी र तोडफोडबाट प्रभावित ती निकायका कर्मचारीहरूले नियमित काम सञ्चालन गरेका छन् । आशा गरौं सम्पूर्ण नेपालीको इतिहासको प्रतीक बनेर फेरि पनि उभिनेछ सिंहदरबार ।

सिंहदरबारको तस्बिर कैद गरिरहेकी कानुन व्यवसायी देवमाया घिमिरेले भनिन्, 'सिंहदरबार जलेको दृश्यले मन जलायो । हृदय भारी भयो । भवनको तस्बिर कैद गर्दा आफैंलाई बिझेजस्तो भयो । यो सबै दृश्य शब्दमा विश्लेषण गर्न सकिँदैन ।'


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# कार्की क्याबिनेटमा...

२०७२ माघदेखि २०७५ वैशाखसम्म डेडिकेटेड र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् प्रयोग गरे पनि उद्योगीहरू आठ अर्ब रूपैयाँ महसुल तिर्न तयार थिएनन् । उनीहरूको पक्षमा निवर्तमान प्रधानमन्त्री ओली र ऊर्जामन्त्री दीपक खड्का उभिएका थिए ।

यही २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनसँगै उनीहरूको अपमानजनक सत्ता बहिर्गमन भएपछि सोमबार ऊर्जामन्त्रीको कार्यभार सम्हाल्दा घिसिङले महसुल उठाउने निर्णय गरेका हुन् । यसका लागि भने उनले आफूलाई विस्थापन गरेका हालका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसँग मिलेर काम गर्नुपर्छ । उनले मिलेर अगाडि बढ्ने संकेत पनि गरेका छन् ।

उनले भ्रष्टाचारविरुद्ध निर्मम हुने पनि बताए । 'शून्य सहनशीलता अपनाइने छ । भ्रष्टाचार नियन्त्रण मुख्य उद्देश्य हो । यसलाई निर्मुल गर्नुपर्छ, अनियमितता र भ्रष्टाचार गरेको भेटियो भने कारबाही गर्छौं । भ्रष्टाचार नियन्त्रण मेरो जीवन-मरणको विषय हो,' उनले कार्यभार सम्हाल्ने क्रममा भने ।

जेन-जी आन्दोलनको मुख्यमध्येको एउटा एजेण्डा भ्रष्टाचारको अन्त्य हो । सोही एजेण्डा कार्यान्वयनतर्फ अगाडि बढ्ने प्रतिबद्धता घिसिङले जनाएका छन् । भौतिक पूर्वाधारसँगै सहकारी विकासमन्त्रीसमेत उनले जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि विशेष कोष खडा गर्ने घोषणा गरेका छन् । उनले यस्तो कोषमा रकम जम्मा गर्न नेपाल बाहिर रहेका नेपालीलाई पनि अनुरोध गरेका छन् । कोषको बारेमा मन्त्रिपरिषद्ले औपचारिक निर्णय भने गरेको छैन ।

मन्त्री घिसिङले क्षतिग्रस्त सरकारी संरचनामा पुगेको क्षतिको मूल्यांकन र पुनर्निर्माण कार्ययोजना एक साताभित्र तयार गर्न निर्देशन दिएका छन् । त्यसअघि तीन दिनभित्र विशेषज्ञ टोली परिचालन गरी क्षतिको विवरण संकलन गरिसक्ने बताए ।

उनै घिसिङलाई नौ वर्ष पहिले नेपालमा कायम १८ घण्टा लामो लोडसेडिङ अन्त्यको श्रेय जाने गरेको छ । उनी कुशल ऊर्जा व्यवस्थापकको रूपमा चिनिन्छन् । छ महिनाअघि गत चैतमा भने पाँच महिना कार्यकाल छँदै उनको बर्खास्ती भयो । यसपछि उनी उज्यालो नेपाल अभियानमा लागेका थिए । अभियानमार्फत राजनीतिमा पदार्पण हुने उनको लक्ष्य थियो । त्यही क्रममा नेपालीहरूको मनोभावना बुझ्न देश तथा विदेशका विभिन्न ठाउँमा गए ।

यतिबेला भने जेन-जी आन्दोलनले उनलाई मन्त्रीको कुर्सीमा पुऱ्यायो । उसो त आन्दोलन सफल भएलगत्तै उनलाई जेन-जी आन्दोलनको एक समूहले प्रधानमन्त्रीका रूपमा सिफारिस गरेको थियो । तर, पछि पूर्वप्रधानन्यायाधीश कार्कीलाई प्रधानमन्त्रीमा अघि सारेको थियो । कार्की यही २७ भदौमा प्रधानमन्त्री नियुक्त भइन् । उनै कार्कीको जोड्बलमा घिसिङ उनको मन्त्रिपरिष्द्मा सामेल भए ।

कार्की मन्त्रिपरिषद्मा अर्थमन्त्रीको कार्यभार सम्हालेका खनालले भ्रष्टाचारविरुद्ध निर्मम ढंगले उत्रिने संकेत गरेका छन् । भ्रष्टाचार गर्ने कसैलाई माया नगर्ने उनको चेतावनी छ । 'मुलुकको भ्रष्टाचार पूरै अन्त्य हुनुपर्छ भन्ने युवाको माग हो । हाम्रो विगत अब स्मरणमा नआओस् । ठूलो गल्ती गर्नेहरू कारबाहीमा आउनैपर्छ,' सोमबार कार्यभार सम्हालेलगत्तै अर्थ मन्त्रालयमा आयोजित स्वागत कार्यक्रममा उनले भने, 'अब गल्ती गर्ने कुनै गुञ्जायस छैन । जानेर त गर्नै भएन, नजानेर पनि गल्ती गर्ने छुट छैन । हामी सच्चिनै पर्छ । म आग्रह त्यही गर्छु । यो आवेशमा छैन । तपाईंहरूले यो बुझ्नु नै हुन्छ । गल्ती गरेपछि अब कर्मचारीले माया पाउँदैनन् ।'

ओली सरकारको पालामा आफ्नै संयोजकत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गर्न पनि उनी तयार देखिएका छन् । देशको समग्र अर्थतन्त्र सुधार र सार्वजनिक वित्त व्यवस्थापनका लागि प्रतिवेदन कार्यान्वयन अनिवार्य रहेको उनको भनाइ छ । गत २९ चैतमा बुझाएको प्रतिवेदनमा आन्तरिक बजार मागमा ह्रास र लगानीमा वृद्धि हुन नसक्नुलाई अर्थतन्त्रको मुख्य चुनौतीका रूपमा उल्लेख गरिएको थियो ।

यसबाहेक प्रतिवेदनले आयातमा निर्भरता, उत्पादकत्वमा स्थायी अवरोध, निजी क्षेत्रको सशक्त भूमिकाको अभाव, वित्तीय क्षेत्रमा कमजोर अनुशासन, सार्वजनिक खर्चको कार्यक्षमता अभाव, र श्रम बजारको प्रभावहीन संरचनालाई प्रमुख समस्या मानेको थियो । अब भने उनी यिनै समस्यालाई समाधान गर्न खरो ढंगले उत्रिने देखिएको छ । यहीबीच पूर्वतयारी नभएका र टुक्रे आयोजना कार्यान्वयन नगर्ने उनले निर्णय लिएका छन् । उनले भने, 'अबको प्राथमिकता युवाका माग पूरा गर्नु छ, निर्वाचन गर्नु छ, त्यसकारण खर्च कटौती गर्न यो निर्णय गरिएको हो ।'

अर्थमन्त्री खनालले निजी क्षेत्रको मनोबल उकास्न प्रयास गरिने पनि बताए । पूर्वअर्थसचिव उनीसँग राजस्व सचिवको अनुभव पनि छ । उनी नेपालको अर्थतन्त्र क्षेत्रको अनुभवी र इमान्दार पूर्वप्रशासक हुन् ।

कार्की मन्त्रिपरिषद्मा गृह र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री भएका अधिवक्ता अर्याल लामो समयदेखि लोकतन्त्र, नागरिक अधिकार, सामाजिक न्याय, कानुनी शासन र सुशासनको पक्षमा आवाज उठाउँदै आएका कानुन व्यवसायी हुन् ।

उनै अर्याल यतिबेला भने आफ्नै मागहरू सम्बोधन गर्ने भूमिकामा आइपुगेका छन् । उनको काँधमा बेथिति, अन्याय र अत्याचारको अन्त्य गर्ने अवसर आएको छ ।

उनी यसअघि रूपन्देही-३ मा उपचुनाव लड्न खोजेका थिए । त्यसका लागि उनले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको कानुनी सल्लाहकारबाट राजीनामा दिएका थिए । वर्षौंदेखि भ्रष्टाचारविरुद्ध र कानुनी शासन स्थापित गर्न उनी न्यायिक लडाइँमा थिए ।

२०६९ मा प्रधानन्यायाधीश खिलराज रेग्मी चुनावी सरकारको नेतृत्व गर्नेगरी मन्त्रिपरिषद् अध्यक्ष बन्दा त्यसले विधि र प्रणाली भत्किने भन्दै उनले सर्वोच्चमा रिट हाले । तर, रिटमा माग गरिएअनुसार उनको पक्षमा फैसला आएन । यसपछि उनी पूर्वमुख्यसचिव भइसकेका लोकमानसिंह कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख बनाउने सरकारी निर्णयविरुद्ध अदालत पुगे । यो मुद्दामा भने उनको पक्षमा फैसला आयो । कार्कीको नियुक्ति बदर भयो । बदर गर्ने तत्कालीन न्यायाधीश रहेकी हालकी प्रधानमन्त्री सुशीला नै हुन् ।

२०७७ सालमा तत्कालीन प्रधानमन्त्री ओलीले ५२ जना संवैधानिक अंगमा पदाधिकारी नियुक्ति गरेपछि त्यसविरुद्ध पनि अर्याल लडेका थिए । यो मुद्दामा उनको हार भयो । कानुनी पेसामा रहँदा यसरी भ्रष्टाचारविरुद्ध र विधिको शासन स्थापित गर्न निरन्तररूपमा अर्यालले न्यायिक लडाइँ लडे । उनै अर्यालले कार्की मन्त्रिपरिषद्मा गृहसँगै कानुनमन्त्रीको जिम्मेवारी पाएका हुन् ।

■■■

# चुनावमा...

सोमबार एमालेको मुख्यालय च्यासल पुगेर महासचिव पोखरेलले शान्ति सुरक्षाको वातावरण तयार गरेर समयमै निर्वाचन गराउन सरकारले काम गर्ने विश्वास व्यक्त गरे ।

'यो सरकार अन्तरिम सरकार भएका नाताले उसको कर्तव्य समयमा निर्वाचन गराउने कुरा हो, शान्ति सुरक्षाको वातावरण तयार गरेर समयमा निर्वाचन गराउने क्रममा सरकारको ध्यान जाने छ,' पोखरेलले भने । एमाले लोकतान्त्रिक पार्टी भएकोले जनताको बीचमा ताजा जनादेशका लागि जान तयार रहेको उल्लेख गरे । 'नेपालका सबै लोकतान्त्रिक पार्टीहरू जनतामा गएर जनताका बीचबाट अभिमत प्राप्त गर्ने प्रक्रियामा प्रवेश गर्नु पर्दछ भन्ने हामी ठान्दछौं । किनकि जनमत प्राप्त गर्ने माध्यम भनेको सधैंभरि सडक हुन सक्दैन,' पोखरेलले भने ।

पोखरेलले चुनावमै जोड दिँदै संविधानतर्फ फर्काउन तोकिएकै समयमा चुनाव हुनुपर्ने बताए । 'समाधान सधैं सडकबाट खोज्ने हो भने स्थायित्व र विकास हुन सक्दैन । मुलुकलाई संविधानतर्फ फर्काउनका लागि तोकिएकै समयमा निर्वाचन गर्न जरुरी छ,' उनले भने ।

जेन-जी आन्दोलनका कारण प्रधानमन्त्रीबाट राजीनामा दिएका एमाले अध्यक्ष केपी शर्मा ओली अझै सेनाको सुरक्षामा छन् । अध्यक्ष ओलीको धारणा आइनसकेकाले यसलाई एमालेको आधिकारिक धारणा मान्न नसकिने एमाले नेताहरू बताउँछन् । यद्यपि, महासचिव पोखरेल ओलीका विश्वासपात्र हुन् ।

यता तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि चुनावमा जानुको विकल्प नरहेको बताएका छन् । सोमबार पेरिसडाँडास्थित पार्टीका क्षतिग्रस्त भवनमा पुगेर श्रेष्ठले चुनावमा एक भएर लग्न आग्रह गरेका हुन् । 'अन्तरिम सरकार बनेर निर्वाचनको मिति घोषणा भइसकेको छ । त्यही स्थितिबाट घोषित मितिमा चुनाव हुनुपर्छ भनेर एकजुट भएर जानुपर्ने अहिलेको आवश्यकता हो,' वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने ।

कार्की नेतृत्वको चुनावी सरकार असफल भएमा देशमा गम्भीर संकट आउने श्रेष्ठको तर्क छ । यसैले उनले सरकार पनि चुनाव केन्द्रित गतिविधिमा लाग्नुपर्ने बताए । 'अहिलेको आवश्यकतालाई ध्यान दिएर जेन-जी आन्दोलनको उपलब्धिलाई कुनै हालतमा गुम्न नदिनेगरी अहिले अन्तरिम सरकारलाई सफल पार्न हामीले मदत गर्नुपर्दछ,' श्रेष्ठले भने, 'सरकारले मुख्य कुरा यसैलाई बनाओस् । अरु छिटफुट कुरामा तपाईंहरू नलाग्नुहोस् । निर्वाचन सम्पन्न गर्ने कुरालाई केन्द्रित गरेर त्यसमै लाग्नुहोस् ।'

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि जेन-जीको प्रदर्शनयता नेपाली सेनाको निगरानीमा छन् । देउवा, ओली, दाहालसहित दलका अधिकांश नेताहरूको निवास जेन-जी प्रदर्शनका क्रममा आगजनी गरिएको छ । शनिबारमात्र राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचन सफल गराउन सबै पक्षलाई अपिलसमेत गरेका छन् । 'बडो जुक्तिपूर्ण ढंगले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैं संयमित रहँदै चुनाव सम्पन्न गराउन सहयोग गर्न सबैलाई हार्दिक अपिल गर्दछु,' राष्ट्रपति पौडेलको वक्तव्यमा भनिएको छ ।

चुनाव घोषणा भएसँगै कार्की नेतृत्वको अन्तरिम सरकार चुनावी सरकारको रूपमा परिणत भएको छ । आइतबार प्रधानमन्त्रीको पदभार ग्रहणपछि कार्कीले छ महिनामा चुनाव गरेर छाड्ने बताएकी छन् । 'छ महिनामा आफ्नो काम कारबाही गरेर मुक्त हुने र नयाँ आउने मन्त्रीहरूलाई जिम्मेवारी र दायित्व सुम्पिने अठोट गरेका छौं । यो अठोटमा यहाँहरूको साथ नपाइकन सम्भव छैन । सुरक्षा निकायले पनि साथ नदिइकन सम्भव छैन । हेर्नुस्, मलाई सहयोग गर्नुस्,' कार्कीले पदभार ग्रहणका क्रममा भनेकी छन् ।

■■■

# फेरि उभिनेछ...

अर्का कानुन व्यवसायी सुमित्रा श्रेष्ठलाई सिंहदरबार र यस्ता सार्वजनिक सम्पत्ति नजलाइदिए हुन्थ्यो भन्ने लागेको छ । सायद सिंदरबार पुग्ने जो कोहीका अनुहार मलिन देखिन्छन् । कयौंका आँखा रसाएको हुनुपर्छ । जलेको सिंहदरबार आइतबार मध्याह्न नियाल्दै गर्दा पंक्तिकारको मनमा पनि वेदना र खुल्दुली पोखियो । अधिकांशले मोबाइल र क्यामराले सिंहदरबारको तस्बिर र भिडियो कैद गरिरहेका थिए । तस्बिर कैद गर्दा अधिकांशमा मौनता देखिन्थ्यो ।

आइतबार प्रशासनिक कार्य खुलेपछि सिंहदरबारमा चहलपहल थियो । बाक्लो संख्यामा कर्मचारी एवं अन्य व्यक्तिहरू सिंहदरबार अवलोकन गरिरहेका थिए । सिंहदरबार नेपालको प्रशासनिक इतिहासको पछिल्लो भौतिक प्रमाण पनि हो । प्राध्यापक बस्याललाई इतिहास जल्दा पहिचान हराउँछ कि भन्ने चिन्ता छ । उनी भन्छन्, 'सिंहदरबार नेपालको वैभवशाली विकासको प्रमाण थियो । पटक-पटक आक्रमणमा पर्नु सम्पदा र संस्कृतिमाथिको चुनौती हो । यो देख्दा अत्यन्तै दुःख लागेको छ । यो 'रिनोभेट' गर्न नसकिने त हैन । मुलुकले धेरै ठूलो रकम खर्च गर्नु पर्दा अरु क्षेत्रमा जाने रकम खुम्चिन्छ । फेरि आशा गरौं सिंहदरबार उठ्ने छ ।'

गोरखा भूकम्पले क्षतिग्रस्त सिंहदरबार पुनर्निर्माणपछि निकै आकर्षक देखिएको थियो । संघीय संसद् सचिवालयका कर्मचारी केशव अधिकारीले पुनर्निर्माणपछिका दृश्य सम्झिँदै थपे, 'धेरै राम्रो भएको थियो । अहिले यसरी जलेर खण्डहर हुँदा दुःख लागेको छ । नेपाल आफैंले ठूलठूला पूर्वाधार बनाउन कठिन छ । बनिरहेका पूर्वाधारले नेपाल बन्दै छ भन्ने आशा जगाएको थियो । अहिले यो दृश्यले भावुक बनायो ।'

सिंहदरबार नेपालको राजनीतिक, प्रशासनिक र ऐतिहासिक जीवन्त दस्तावेज हो । राज्यका सम्पदा र प्रशासनिक सुरक्षामाथिको आगजनीले इतिहास र सम्पदामाथि प्रहार भएको छ ।

कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कर्मचारी नवराज रिजालले सिंहदरबारको दृश्य असाध्यै पीडादायी रहेको बताए । 'एकदम दुःखदायी अवस्थामा देखियो । अत्यन्तै भावुक र चिन्तित बनायो । देशको ऐतिहासिक धरोहर र प्राकृतिक सम्पदा हो । सरकारले यसलाई जुन अवस्थामा थियो सोही अवस्थामा बनाउँदा उपयुक्त हुन्छ,' उनले भने ।

पशुपति क्षेत्र विकास कोषका कर्मचारी रामकृष्ण लामिछानेले ऐतिहासिक धरोहर खण्डहरको रूपमा परिणत भएको देख्दा असाध्यै पीडाबोध भएको बताए । उनले जलेको सिंहदरबार र संसद् भवनले आफूलाई निकै दुखित तुल्याएको बताए । सिंहदरबारको सुरक्षा दिइरहेका सुरक्षा एकाइका जवान एञ्जल सुवेदीको अनुहार पनि मलिन देखियो । सिंहदरबारभित्रै काम गर्ने उनले सिंहदरबार जलेर खरानी हुँदा मन थाम्नै नसकेको अनुभूति सुनाए ।

यो राणाकालीन ऐतिहासिक सम्पदा हो । यसको मुख्य भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत थिए । सिंहदरबार राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो निजी निवासको रूपमा इस्वी संवत् १९०३ मा बनाउन लगाएका थिए । एक हजार ७०० वटा कोठा रहेको यो भवन त्यस बेला एसियाकै सबैभन्दा ठूलो दरबार थियो । तत्कालीन अवस्थामा २५ लाख रूपैयाँ खर्च गरेर यो निर्माण गरिएको थियो ।

वि.सं. २००७ मा राणा शासनको अन्त्य भए पनि पछि सिंहदरबारमा नेपाल सरकारको कार्यालय राखियो । त्यतिबेला यो दरबारमा प्रधानमन्त्रीको कार्यालयदेखि लिएर सम्पूर्ण मन्त्रालयहरू थिए । वि.सं. २०३० मा सिंहदरबारमा आगलागी भएको थियो । त्यसबाट यसको पछाडि पट्टिको धेरैजसो भाग नष्ट भएको थियो । यो भवन युरोपेली शैलीमा बनेको छ । चन्द्र शमशेर सिकार तथा कलाका सौखिन भएकाले त्यस बेला उनले यसका भित्ताहरू सिकार गरिएका जनावरहरू तथा युरोपेली शैलीका चित्रकलाहरूले सजाएका थिए । बत्ती तथा अन्य शृंगारका वस्तुहरू युरोपबाट मगाइएको थियो ।

आइतबारदेखि सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किएका छन् । आगजनी र तोडफोडबाट प्रभावित ती निकायका कर्मचारीहरूले नियमित काम सञ्चालन गरेका छन् । आशा गरौं सम्पूर्ण नेपालीको इतिहासको प्रतीक बनेर फेरि पनि उभिने छ सिंहदरबार । जसलाई हेरेर हरेक नेपालीले देशको समृद्धिको कथा भन्ने छन् । *रासस*

■■■

# आगजनीबाट...

विभिन्न हिसाबले उपयुक्त भएको खण्डमा संघले गौशालामा रहेको प्रहरी चौकी नै बनाइदिनेसम्मको छलफल भएको उनले बताए । 'सम्भव भए गौशालामा चौकी नै निर्माण गर्ने कि भन्ने नि छ । पशुपतिको क्षेत्रको भएर नक्सा पास हुँदैन रे । फलामको ठूलो रेलिङ भएको, अण्डरग्राउण्डसहितको संरचना बनाउने भन्ने छ । यो विषय भने दोस्रो चरणको छलफल भएपछि मात्र टुंगिन्छ,' अध्यक्ष गुरुङले भने ।

यसका अलावा व्यवसायी सँगसँगै काम गर्ने वैदेशिक रोजगार विभागको पनि मुख्य भवन जलेर नष्ट भएकाले त्यहाँ पनि सहयोग गर्ने विषयमा संघको ध्यान गएको उनले बताए । गत २४ गतेको तोडफोडमा मुलुकभरका धेरै जसो प्रहरी चौकीमा आगजनी गरिएको थियो । यसबाट उनीहरूका हातहतियार, सञ्चार सामग्री, पोसाकलगायतका अत्यावश्यक उपकरण लुट्ने, जलाउने आदि भएको थियो । केही प्रहरीको हत्यासमेत भएको थियो । शान्ति सुरक्षा दिने निकायमाथिको आक्रमणले सुरक्षाकर्मी, व्यवसायी र आमनागरिकले असुरक्षित महसुस गर्न थालेका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७८/१०/२४ मा दर्ता भएको प्रा.लि.नं. २८३३१९ को **पृथ्वी एग्रो फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/३१**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फार्म ईट** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वृक्षालय डिजाइन (दर्ता नं. २१३१६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/१७ मा दर्ता भएको प्रा.लि.नं.१४४६३९ को **ईनर्जीया एनालिस्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/३१**

यस कम्पनीको मिति २०८२/०५/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ज्वेलरी फर जेनेरेशन प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कनेक्ट लिड सोलुसन्स प्रा.लि. (प्रा.लि.नं. २१५७१६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**युएई/कतारमा रोजगार** कम्पनी : ALHAJAR ALMUNEER BUILDINGS MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331018 चलानी नं. ६०२४४८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QAHWA CAFE

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331019 चलानी नं. ६०२४४८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dish-washer (Restaurants & Kitchens) | 3 | 0 | 1200 | ४६,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiters | 0 | 3 | 1400 | ५४,३०५ | | | | | | | |
| 3 | Cooker | 2 | 0 | 1500 | ५८,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ देखि १० गते (23-26 Sep. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAKRITI Recruiting Pvt. Ltd. LIC No. 917/067/068

AAKRITI RECRUITING PVT. LTD
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110826
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com



**ओमनमा रोजगार** कम्पनी : ZENA INTEGRATED TRADE AND INVESTMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331127 चलानी नं. ६०२४४८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic coffe maker | 1 | 0 | 160 | ५८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice makers | 1 | 0 | 160 | ५८,६५५ | | | | | | | |
| 3 | Waiter coffee shop/ (cook/confectioner assistant) motor cycle | 1 | 0 | 140 | ५१,३२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Kathmandu AKH Traning Center मा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331070 चलानी नं. ६०२४४८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 100 | 0 | 1000 | ३७६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KARRENA ARABIA CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331071 चलानी नं. ६०२४४८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 19 | 0 | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD. श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



**साउदीमा रोजगार** कम्पनी : THE THIRD MIDDLE OPERATING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331040 चलानी नं. ६०२४४८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 3 | 0 | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**साउदीमा रोजगार** कम्पनी : ESTABLISHMENT SARAAH AL TAMIR FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331085 चलानी नं. ६०२४४८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 5 | 0 | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



**साउदीमा रोजगार** कम्पनी : ALPHAPLUS ADVERTISING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331093 चलानी नं. ६०२४४८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 10 | 0 | 1800 | ६७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



**साउदीमा रोजगार** कम्पनी : MUTAIB HAMAD ALI ABU SAQ RESTAURANT ESTABLISHMENT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331079 चलानी नं. ६०२४४८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1800 | ६७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057
ROSE OVERSEAS PVT. LTD.
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np



**मलेसियामा रोजगार** कम्पनी : BIG PHARMACY HEALTHCARE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/३० LT. No. 322733 चलानी नं. ६०२३६७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 2 | 0 | 1700 | ५७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**युएइमा रोजगार** कम्पनी : STANDARD PLUS TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 331066 चलानी नं. ६०२४४७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Workers | 30 | 0 | 1100 | ४२,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic.No.: 1101/073/074
KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



मन्त्रालयबाट सामान सारिँदै | जेन-जी आन्दोलनबाट क्षतिग्रस्त गृह मन्त्रालयबाट सोमबार सामान सार्दै मन्त्रालयका कर्मचारी ।

*तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# 'आन्दोलनका क्रममा बालअधिकारको गम्भीर उल्लंघन'

**काठमाडौं (प्रस)**– हालै भएको जेन-जी आन्दोलनका क्रममा बालअधिकारको गम्भीर उल्लंघन भएको देखिएको छ । सेभ द चिल्ड्रेन र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले गरेको एक अध्ययनले सुरक्षाकर्मीहरूले गरेको अत्यधिक बल प्रयोगका कारण बालबालिका र युवाहरूको मृत्यु, घाइते र मनपरि रूपमा पक्राउ गर्दा गहिरो मानसिक आघात परेको उल्लेख गरेको छ ।

उक्त प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरलाई औपचारिकरूपमा बुझाइएको छ । यसले स्वास्थ्य, मनोसामाजिक सहयोग, सुरक्षा, कानुनी सहायता र शिक्षाजस्ता क्षेत्रमा तत्काल सहयोगको आवश्यकता रहेको देखाएको छ । 'विशेषगरी प्रहरी र बालबालिका तथा युवाहरूबीच गहिरो अविश्वास भएको छ । आगामी दिनमा बालअधिकार उल्लंघन रोक्न शान्ति निर्माण र रूपान्तरणको आवश्यकता छ,' प्रतिवेदनमा भनिएको छ ।

सेभ द चिल्ड्रेन नेपालकी राष्ट्रिय निर्देशक तारा क्षेत्रीले सरकारले तुरुन्तै आवश्यक कदम चालेर आफ्नो जिम्मेवारी सुनिश्चित गर्न, अत्यधिक बल प्रयोग नगर्न, पीडितलाई मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउन र जेन-जी आन्दोलनका क्रममा भएको हिंसा तथा राज्यद्वारा भएको दमनको स्वतन्त्र छानबिन सुरु गर्नु आग्रह गरिन् ।

अध्ययनका मुख्य सिफारिसहरूमा राज्य हिंसाबाट उत्पन्न आघात र पुस्तान्तरगत असर सम्बोधन गर्न बालमैत्री मासिक स्वास्थ्य तथा मनोसामाजिक सेवाहरूलाई सुदृढ बनाउने, बालबालिका, युवा र राज्य संयन्त्रबीच विश्वासको पुनःस्थापना गर्न शान्ति निर्माण र द्वन्द्व रूपान्तरणका दृष्टिकोणलाई समावेश गर्ने, राज्यका सुरक्षा निकाय र सुरक्षाकर्मीलाई बालअधिकारबारे संवेदनशील बनाउने र जवाफदेही प्रणालीलाई बलियो बनाउने विषय समावेश छन् ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका अध्यक्ष तिलोत्तम पौडेलले प्रतिवेदनमा मृत्यु र घाइतेसम्बन्धी तथ्यगत विवरणसहित नेपालको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनअन्तर्गतका प्रतिबद्धता, साथै बालबालिकाको अधिकार र सुरक्षाप्रति राज्यको प्रतिबद्धताको गम्भीर उल्लंघन भएको स्मरण गराइएको बताए ।

# सञ्चारगृहमाथि भएको आक्रमणको भर्त्सना

**काठमाडौं (प्रस)**– नेपाल विज्ञापन संघले जेन-जी आन्दोलनका क्रममा विभिन्न सञ्चारगृहमाथि भएको आक्रमणप्रति विरोध जनाएको छ । सुशासन र भ्रष्टाचार नियन्त्रणको पक्षमा निरन्तर वकालत गर्ने सञ्चारमाध्यममाथि आक्रमण हुनु दुःखद् भएको संघले जनाएको छ ।

Advertising Association of Nepal

'कान्तिपुर मिडिया समूह तथा अन्नपूर्ण पोस्टलगायत अन्य सञ्चारगृहहरूमा भएको आक्रमण तथा क्षतिप्रति यस संघ सशक्त भर्त्सना गर्दछ,' संघका अध्यक्ष सुदीप थापाले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'प्रजातान्त्रिक समाजमा आफूलाई चित्त नबुझेको कुरा निर्वाधरूपमा राख्न पाउनु सबैको अधिकार हो भने आफ्ना कुरा र गतिविधिहरूले अरुको अधिकार हनन तथा कुनै पनि किसिमको क्षति नहोस् भनी सचेत रहनु पनि जिम्मेवार नागरिकको कर्तव्य हो ।'

विरोध प्रदर्शनपछि भड्किएको हिंसाले अर्बौं रूपैयाँको सार्वजनिक तथा निजी सम्पत्ति तथा लगानीको क्षति भएको उल्लेख गर्दै संघले यसबाट सर्वसाधारणलाई दैनिक जीविकोपार्जनका लागि आवश्यक वस्तु तथा सेवाहरूको बजारीकरण र आपूर्तिमासमेत प्रत्यक्ष असर परेकोप्रति सरकारको ध्यानाकर्षण गराएको छ ।

आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकार सुशासन, भ्रष्टाचार नियन्त्रण, वाक स्वतन्त्रता, मर्यादित रोजगारी, स्वरोजगारी, राजस्वको सदुपयोगलगायतका विषयमा केन्द्रित हुने अपेक्षासमेत संघले व्यक्त गरेको छ ।


## साउदीमा रोजगार
कम्पनी : INTERNATIONAL SCISSORS FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 330339 | चलानी नं. ६०२४४८५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1500 | ५६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



## युएइमा रोजगार
कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 325959 | चलानी नं. ६०२३९८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 84 | 900 | ३४,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 100 | 0 | 900 | ३४,५४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (243rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com


# मानवअधिकार आयोगको नौ बुँदे आह्वान

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले जेन-जी आन्दोलनका क्रममा मृत्यु भएकाहरूको शव परीक्षण गर्नुपर्नेसहित नौ बुँदे आह्वान गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलल सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा आन्दोलनका क्रममा मृत्यु भएकाहरूको परीक्षण, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायत कार्यमा विशेष ध्यान दिनुपर्ने उल्लेख छ ।

'देश, जनता, लोकतन्त्र, मानवअधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकार भएकाहरूको सहभागितामा आगामी कार्यहरू अगाडि बढाउनु जरुरी छ,' विज्ञप्तिमा भनिएको छ, 'अन्योलपूर्ण अवस्थालाई तात्त्विक निष्कर्षमा पुऱ्याउन सबैले धैर्य र संयमतापूर्वक अगाडि बढ्नुपर्छ ।'

आफ्ना अभिव्यक्तिहरू सार्वजनिक गर्दा अरूको अधिकारको सम्मान गर्दै शिष्टता र नम्रतापूर्वक सम्प्रेषण गर्न, द्वन्द्व र हिंसालाई प्रश्रय दिने अभिव्यक्ति नदिन र आफ्ना मागहरू लोकतान्त्रिक विधि र प्रक्रियाअनुरूप शिष्टतापूर्वक राख्न आयोगले आग्रह गरेको छ ।

विकसित परिस्थितिमा आमनागरिकको मानवअधिकारको उपभोगमा आइपर्ने अवरोध पहिचान गरी त्यस्ता अवरोध हटाउन प्रभावकारी कार्य गर्नुपर्ने र संकटको अवस्थामा हुनसक्ने कालोबजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्न आयोगको आग्रह छ । दैनिक उपभोग्य सामग्री र सेवालाई सहजरूपले सञ्चालन गर्ने आवतजावतलाई सहज बनाउनुपर्नेमा जोड दिएको छ ।


## कुवेत/युएइ/कतारमा रोजगार
कम्पनी : ANIMS LADIES BEAUTY SALON CO

पूर्व स्वीकृति मिति : २०८२/०१/२७ | LT. No. 331087 | चलानी नं.६०२४४८३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 7 | 170 | ७८,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 7 | 170 | ७८,६१५ | | | | | | | |

कम्पनी : MELANGE LADIES BEAUTE CENTER

पूर्व स्वीकृति मिति : २०८२/०१/२७ | LT. No. 331086 | चलानी नं.६०२४४८३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 0 | 1 | 1500 | ५७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VOILET BEAUTY SPA WOMENS SALOON

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 331088 | चलानी नं.६०२४४८३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician | 0 | 3 | 1800 | ६९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९



## युएइमा रोजगार
कम्पनी : TEAM LEADERS TECHNICAL SERVICESS CONTRACTING CO LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 331122 | चलानी नं. ६०२४४८६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३८,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 6 | 0 | 1500 | ५७,५७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Samakhusi-26, Kathmandu, Nepal, Contact: +977-1-5906456, 9840326085, 9818058497, 9843932579, 9705706879, 9808205235, 9845127720, 9804461405, 9745382449, 970-6732919
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com


## भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

### भाषालोक (अनुसन्धानमूलक पत्रिका) २०८२

भाषा आयोगले गत वर्षझैं यस आ.व. २०८२/०८३ मा भाषालोक (अनुसन्धानमूलक पत्रिका) शीर्षकको प्राज्ञिक प्रकाशन गर्ने कार्यक्रम रहेकाले सम्बन्धित विज्ञ, विद्वान्, अध्येता, अनुसन्धानकर्ता लेखकहरूबाट देहाय बमोजिमका आधारमा लेख रचना उपलब्ध गराउन अनुरोध छ ।

**१. लेख रचनाका शर्तहरू देहायबमोजिम हुनेछन् :**

क) लेखक परिचय (१५० शब्दमा) र लेखकको पासपोर्ट साइजको फोटो ।

ख) लेख रचना २५०० देखि बढीमा ३५०० शब्द सम्मको हुनुपर्नेछ ।

ग) लेख रचना देवनागरी लिपिका लागि Kalimati Font Size 12 मा र अङ्ग्रेजी भाषामा New Times Roman Font Size 12 मा तथा अन्य मातृभाषाका लिपिहरूको हकमा सोही साइज अनुसार हुनेगरी पठाउनुपर्नेछ।

घ) लेखकले आफ्नो लेख रचनामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कुराहरु :

- आलेख सार (शब्दकुञ्जी समेत १५० देखि २०० शब्दमा)
- परिचय
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्री

ङ) सन्दर्भ सूची तथा उद्धरण APA 7th edition Format मा हुनुपर्ने ।

च) आग्रह/पूर्वाग्रह रहित प्राज्ञिक लेख हुनुपर्ने ।

छ) लेख/रचना पठाउँदा Soft/Digital Copy (Hard Copy सहित) इमेल गरिएको हुनुपर्दछ।

ज) लेख अन्यत्र प्रकाशित नभएको हुनुपर्ने ।

झ) लेख रचना स्वीकृत/प्रकाशन गर्ने नगर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार भाषा आयोगको सम्पादक मण्डलमा रहनेछ ।

ञ) आयोगमा प्राप्त लेख/रचना प्राथमिकताका आधारमा प्रकाशन गरिनेछ । यस भाषालोक (अनुसन्धानमूलक पत्रिका) मा प्रकाशित लेख/रचना आयोगलाई जानकारी नदिई अन्य पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन ।

ट) लेख/रचना पठाउन भाषा आयोग शङ्खमूल, काठमाडौंको फोन नं. ०१-५२४२२३३/५२४२०४६/५२४२२३१ मा सम्पर्क गरी वा इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउन सकिनेछ ।

ठ) अन्यत्र प्रकाशित भइसकेका लेख/रचना प्रकाशन गरिने छैन ।

ड) प्रकाशित लेखबापत तोकिएबमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ ।

ढ) NEPJOLL मा सूचीकृत गरिने हुँदा Peer review हुनेछ ।

**२. समय तालिका**

क) लेख/रचना प्राप्त गर्ने समयसीमाः २०८२ मंसिरको पहिलो हप्तासम्म । म्यादभित्र नआएका लेख/रचना प्रकाशन गरिने छैन ।

ख) पुनरावलोकन, सम्पादन र लेख स्वीकृत मितिः २०८२ मंसिर मसान्तदेखि पुषको पहिलो हप्तासम्म ।

ग) लेख स्वीकृत हुने मितिः २०८२ पुष मसान्तभित्र ।

घ) भाषालोक (अनुसन्धानमूलक पत्रिका) प्रकाशनः २०८२ माघ मसान्तसम्म ।

**(नोट : लेखका लागि विषयक्षेत्र आयोगको वेबसाइट https://languagecommission.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।)**


### मोटरसाईकल हरायो

मिति २०८२ भदौ २० गते साँझ ५:३० बजेको समयमा बजाज कम्पनीको पल्सर २२० सिसिको कालो रातो मोटरसाइकल जिल्ला काठमाडौं बुढानिलकण्ठ न.पा. वडा नं. १३ कौडोल स्थित नकुल खत्रीको घर अगाडी पार्किङ गरी राखेको स्थलबाट हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

नाम : पदम स्याङतान
इन्जिन नं. : DKXCRE34074
च्यासिस नं. : MD213EXXRCE83059
बागमती प्रदेश ०२-०५४ प १८०६
फोन नं. : ९८४०७३७५१६



### माइग्रेसन प्रमाणपत्र हरायो

मिति २०८२/०५/२८ गते ओखलढुंगा, चम्पादेवी गा.पा. १० रानिवनबाट चम्पादेवी गा.पा. ६, घोराखोरी ज्ञानप्रकाश माध्यमिक विद्यालय जाने क्रममा मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : शुसन ढुंगेल
रजिस्ट्रेशन नं.: ७५१२०२०९८
सिम्बोल नं.: ९१२००१४९
सिरियल नं.: P०७२४८०५
ठेगाना : चम्पादेवी गा.पा १०, रानिवन, ओखलढुंगा
सम्पर्कः ९८६१४४६१०६



## सलुसन हर्बल कम्पनी.प्रा.लि.

केन्द्रिय कार्यालय -वनस्थली १६ काठमाडौं, उद्योग- सिद्धलेक १, धादिंग, बागमती प्रदेश, नेपाल

### दररेट प्रकाशित गरिएको बारे

यस उद्योगद्वारा सरकारी संस्था, गैरसरकारी संस्था, थोक बिक्रेता, खुद्रा विक्रेता तथा उपभोक्ता लगायत सम्बन्धित सबैलाई मध्ये नजर गरि बजार प्रतिनिधी र स्थानिय डिलरलाई दिइएको सूविधा समेत घटाई उद्योगवाट सोझै खरिद गर्दा उत्पादित तपसिल बमोजिमका आयुर्वेद औषधिहरूको प्रकाशित मूल्यमा पठाउन सकिने वेहोराको जानकारी सहित मिति ०८२।०६।०१ देखि अर्को सूचना प्रकाशित नहुने समय सम्मको लागि दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | औषधिहरु | प्याक साइज | थो मु | खुद्रा मूल्य |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५० ग्राम. | ८६ | १३५।- |
| | | १०० ग्राम. | १५० | २३५।- |
| | | ५०० ग्राम. | ६९१ | १०८०।- |
| २ | हिंग्वास्तक चुर्ण | ५० ग्राम. | १०९ | १७०।- |
| | | १०० ग्राम. | २०५ | ३२०।- |
| | | ५०० ग्राम. | ८६४ | १३५०।- |
| ३ | लवणभाष्कर चुर्ण | ५० ग्राम. | ९० | १४०।- |
| | | १०० ग्राम. | १६० | २५०।- |
| | | ५०० ग्राम. | ७६८ | १२००।- |
| ४ | सेतोपलादि चुर्ण | ५० ग्राम. | १०५ | १६५।- |
| | | १०० ग्राम. | १७९ | २८०।- |
| | | ५०० ग्राम. | ८०० | १२५०।- |
| ५ | पुस्यानुग चुर्ण | ५० ग्राम. | १०५ | १६५।- |
| | | १०० ग्राम. | २०५ | ३२०।- |
| | | ५०० ग्राम. | ८६४ | १३५०।- |
| ६ | अमलाकी चुर्ण | ५० ग्राम. | ७७ | १२०।- |
| | | १०० ग्राम. | १४१ | २२०।- |
| | | ५०० ग्राम. | ६४० | १०००।- |
| ७ | त्रिफला चुर्ण | ५० ग्राम. | ५८ | ९०।- |
| | | १०० ग्राम. | ९६ | १५०- |
| | | ५०० ग्राम. | ४१६ | ६५०।- |
| ८ | रोहितकाद्य चुर्ण | ५० ग्राम. | १०२ | १६०।- |
| | | १०० ग्राम. | १९२ | ३००।- |
| | | ५०० ग्राम. | ८०० | १२५०।- |
| ९ | तालीशादि चुर्ण | १०० ग्राम. | १६० | २५०।- |
| | | ५०० ग्राम. | ७६८ | १२००।- |
| १० | अश्वगन्धा चुर्ण | ५० ग्राम. | १३४ | २१०।- |
| | | १०० ग्राम. | २५६ | ४००।- |
| | | ५०० ग्राम. | १०८८ | १७००।- |
| ११ | निम्वादि चुर्ण | ५० ग्राम. | ९६ | १५०।- |
| | | १०० ग्राम. | १७३ | २७०।- |
| | | ५०० ग्राम. | ८०० | १२५०।- |
| १२ | त्रिकटू चुर्ण | १०० ग्राम. | २२४ | ३५०।- |
| १३ | पञ्चसकार चुर्ण | १०० ग्राम. | १३४ | २१०।- |
| | | ५०० ग्राम. | ६४० | १०००।- |
| १४ | दशमुल चुर्ण/क्वाथ | १०० ग्राम. | १९२ | ३००।- |
| | | ५०० ग्राम. | ८०० | १२५०।- |
| १५ | यष्टिमधू चुर्ण | ५० ग्राम. | ८३ | १३०।- |
| | | १०० ग्राम. | १६० | २५०।- |
| | | ५०० ग्राम. | ७०४ | ११००।- |
| १६ | गूडूची चुर्ण | ५० ग्राम. | ९० | १४०।- |
| | | १०० ग्राम. | १६६ | २६०।- |
| | | ५०० ग्राम. | ७०४ | ११००।- |
| १७ | बिल्वादी चूर्ण | ५० ग्राम. | ९० | १४०।- |
| | | १०० ग्राम. | १६६ | २६०।- |
| | | ५०० ग्राम. | ७६८ | १२००।- |
| १८ | जामुन चूर्ण | ५० ग्राम. | ८३ | १३०।- |
| | | १०० ग्राम. | १७३ | २७०।- |
| | | ५०० ग्राम. | ७६८ | १२००।- |
| १९ | चन्दनादी चुर्ण | ५० ग्राम. | १०२ | १६०।- |
| | | १०० ग्राम. | १९२ | ३००।- |
| | | ५०० ग्राम. | ८०० | १२५०।- |
| २० | ज्वानो चूर्ण | १०० ग्राम. | १७९ | २८०।- |
| २१ | कायाप्लस चूर्ण | १०० ग्राम. | १९२ | ३००।- |
| २२ | सतावरी ग्रेनूअल्स | १०० ग्राम. | २२४ | ३५०।- |

| क्र.सं. | औषधिहरु | प्याक साइज | थो मु | खुद्रा मूल्य |
|---|---|---|---|---|
| २३ | गन्धक रसायन | १० ग्राम. | ११५ | १८०।- |
| | | १०० ग्राम. | १०५६ | १६५०।- |
| २४ | त्रिफला गूग्गल | २५ ग्राम. | १६० | २५०।- |
| | | १०० ग्राम. | ६४० | १०००।- |
| २५ | योगराज गूग्गल | २५ ग्राम. | १६० | २५०।- |
| | | १०० ग्राम. | ६४० | १०००।- |
| २६ | कैशोर गूग्गल | २५ ग्राम. | १६० | २५०।- |
| | | १०० ग्राम. | ६४० | १०००।- |
| २७ | कञ्चनार गूग्गुल | २५ ग्राम. | १७६ | २७५।- |
| | | १०० ग्राम. | ७०४ | ११००।- |
| २८ | महायोगराज गूल | १० ग्राम. | २०५ | ३२०।- |
| | | १०० ग्राम. | १६६४ | २६००।- |
| २९ | ग्यासोकल्प ट्याव | ३० ग्राम. | १६० | २५०।- |
| ३० | पाइलोकल्प ट्याव | ३० ग्राम. | २२४ | ३५०।- |
| ३१ | अश्वगन्धा क्याप | ३० ग्राम. | २२४ | ३५०।- |
| ३२ | निम क्याप्सूल | ६०क्याप | १६० | २५०।- |
| ३३ | अर्जंन क्याप्सूल | ६०क्याप | १६० | २५०।- |
| ३४ | शूद्ध शिलाजित | ६०क्याप | ४१६ | ६५०।- |
| ३५ | अर्जंन चुर्ण | ५० ग्राम. | ८३ | १३०।- |
| | | १०० ग्राम. | १६० | २५०।- |
| | | ५०० ग्राम. | ७६८ | १२००।- |
| ३६ | चन्द्रप्रभा वट्टी | २५ ग्राम. | १७३ | २७०।- |
| | | १०० ग्राम. | ७०४ | ११००।- |
| ३७ | खदिरादि वट्टी | १०ग्राम. | ८३ | १३०।- |
| | | १०० ग्राम. | ७०४ | ११००।- |
| ३८ | सर्पगन्ध घन वट्टी | २५ ग्राम. | १७३ | २७०।- |
| | | १०० ग्राम. | ७०४ | ११००।- |
| ३९ | दशमूल तेल | ५० एम.एल. | १२८ | २००।- |
| ४० | पेनआउट तेल | ६० एम.एल. | १६० | २५०।- |
| | | १०० एम.एल. | ३२० | ५००।- |
| ४१ | ज्यात्यादी तेल | ५० एम.एल. | १६० | २५०।- |
| ४२ | महानारायण तेल | ६० एम.एल. | १६० | २५०।- |
| | | १००एम.एल. | १९२ | ३००।- |
| ४३ | मेन्थादी तेल | ३० एम.एल. | ९६ | १५०।- |
| | | ६० एम.एल. | १६० | २५०।- |
| ४४ | वातारी तेल | १०००एम.एल. | ८०० | १२५०।- |
| ४५ | टंकण भष्म | १०ग्राम. | ८३ | १३०।- |
| | | १०० ग्राम. | ७०४ | ११००।- |
| ४६ | मृगमदासव | १५ एम.एल. | ६४ | १००।- |
| ४७ | श्वास भूषण | १५ एम.एल. | ६३ | ९८।- |
| ४८ | तुलसी काढा | १०० ग्राम. | १६० | २५०।- |
| ४९ | गूडूची काढा | १०० ग्राम. | १६० | २५०।- |
| ५० | प्रेशाकल्प ट्याव | ३० ग्राम. | १८२ | २८५।- |
| ५१ | षड्विन्दु तेल | १५ एम.एल. | ६४ | १००।- |
| ५२ | महाशंख वट्टी | १० ग्राम. | ९६ | १५०।- |
| | | २५ ग्राम. | १९२ | ३००।- |
| | | १०० ग्राम. | ७६८ | १२००।- |
| ५३ | नवक गूग्गूल | ३० ग्राम. | १७९ | २८०।- |
| ५४ | महासुर्दशन चुर्ण | ५० ग्राम. | ११५ | १८०।- |
| | | ५०० ग्राम. | ८६४ | १३५०।- |
| ५५ | बालामृत एस | ६० एम.एल. | ७० | ११०।- |
| | | ११० एम.एल. | ९० | १४०।- |
| ५६ | ब्राह्मी क्याप्सूल | ६० क्याप | १६० | २५०।- |
| ५७ | तिल तेल | १००० एम.एल. | ८६४ | १३५०।- |
| ५८ | अर्शकुठार रस | १० ग्राम | १०९ | १७०।०० |
| | | १०० ग्राम. | १०५६ | १६५०।- |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उच्चस्तरीय आयोग चाँडो गठन गर

**सुशीला कार्की नेतृत्वको अन्तरिम मन्त्रिपरिषद्लाई जेन–जी आन्दोलनले दिएको दुई म्याण्डेट हो– पहिलो, भदौ २३ गते प्रदर्शनमा भएको सरकारी दमनका छानबिन र दोषीलाई कारबाही, दोस्रो, भ्रष्टाचारमा संलग्न नेता र कर्मचारीको सम्पत्ति छानबिन गरी राष्ट्रियकरण गर्नु। जेन–जी आन्दोलनको बलमा उभिएको कार्की नेतृत्वको पहिलो मन्त्रिपरिषद्बाट यी दुवै विषयमा विशेष निर्णय आउने अपेक्षा गरिएको थियो। तर सोमबार बसेको मन्त्रिपरिषद्ले यो विषयमा ठोस निर्णय गर्न सकेन।**

**सरकारले भदौ २३ मा सरकारी पक्षबाट भएको चरम दमनको विषयमा उच्चस्तरीय छानबिन आयोग बनाउने सैद्धान्तिक निर्णय गरेको छ। नयाँ बानेश्वरस्थित संसद् भवनमामात्र १९ जना युवाको ज्यान गएको थियो। यसैगरी भोलिपल्ट देशभर सार्वजनिक सम्पत्तिदेखि नेताहरूको निवासमा आक्रमण भयो। यी विषयमा गहन अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन पहिले नै सहमति भइसकेको थियो। तर सरकारले यस विषयमा ठोस निर्णय गर्न सकेन।**

**सरकारका लागि यो सबैभन्दा ठूलो चुनौतीको विषय पनि हुने छ। यो प्रदर्शनका क्रममा ७२ जनाको मृत्यु भएको पछिल्लो सरकारी तथ्यांकले छ। यो संख्या अझै बढ्न सक्ने देखिन्छ। सरकारी तथ्यांक, क्षति संकलन, मृतक, घाइते, व्यवसायमा भएका क्षतिजस्ता विषयमा जाँचबुझ गर्न आयोग गठन चानचुने विषय हैन। एउटा विमान दुर्घटनामासमेत आयोग गठन गरेर महिनौं लाग्ने नेपाली संयन्त्रका लागि यसपटकको दमन, तोडफोड र आगजानीका घटनाको प्रतिवेदन तयार पार्न महाभारत नै हुने देखिन्छ।**

**संकटमा बनेको सरकारलाई चुनाव सम्पन्न गराउने अभिभारा त छँदै छ। यो सरकारको पहिलो चुनौती यही क्षतिलाई कसरी मूल्यांकन गर्छ भन्ने विषयले जाँच गर्ने देखिन्छ। पीडितको अपेक्षा अधिक हुन्छ भने पीडक सकेसम्म फुत्कन खोज्छ। समयमा जाँचबुझ हुन नसके धेरै प्रमाणहरू नष्ट हुने सम्भावना उत्तिकै हुन्छ।**

**पछिल्लो समय कतिपय संवेदनशील विषयमा उच्छृंखल धारणा राख्नेहरूले धमाधम प्रमाण मेटाउन थालेका छन्। अहिले कर्मचारी, अदालतका कर्मचारी, प्रहरीको मनोबल गिरेको अवस्था छ। जाँचबुझ र अनुसन्धानका लागि सरकारले पहिले त कर्मचारीको मनोबल उच्च बनाउन जरुरी छ। यसपछि सार्वजनिक सम्पत्ति तोडफोड र आगजानीमा लागेका व्यक्तिहरूलाई अनुसन्धानको घेरामा ल्याउन सहज हुने छ। यसका लागि सरकारले तत्कालै उच्चस्तरीय आयोग गठन गर्नैपर्छ। यही आयोगमार्फत जेन–जीको आन्दोलनमा भएको सरकारी दमनकारीलाई पनि कारबाही गर्नुपर्छ। यसपछि तत्कालै भ्रष्टाचारमा संलग्नहरूको छानबिनका लागि उच्चस्तरीय आयोग गठन होस्।**

# आन्दोलनपछि बनेको सरकारको जिम्मेवारी र लोकदायित्व



■ धमेन्द्र झा

> परिवर्तनको लक्ष्य दीर्घकालीन हुन्छ । परिवर्तन जसलाई चाहिएको छ तिनै सरोकारवाला व्यक्तिहरूले आन्दोलनको नेतृत्व गर्ने र निर्देशन दिने गर्दछन् । नेपालमा भएको यो पछिल्लो आन्दोलनलाई पनि त्यही अर्थमा बुझिनु उचित हुन्छ । आन्दोलनले आफ्नो आकांक्षा सम्बोधन गर्ने पात्रका रूपमा प्रधानमन्त्री कार्कीलाई स्वीकार गरेको छ । कार्कीलाई निश्चय पनि असफल हुने छुट छैन । सँगै आन्दोलनको सन्देशलाई आत्मसात् गरी नेपालको नवनिर्माणमा जुट्नु लोकदायित्व हो । सबैले गम्भीर हुनु जरुरी छ ।

विषम् परिस्थितिकाबीच नेपालको इतिहासमा प्रथम महिला प्रधानमन्त्रीका रूपमा पूर्वप्रधानन्यायधीश सुशीला कार्कीले पदभार ग्रहण गरेकी छन् । यही भदौ २३ र २४ गतेको युवा केन्द्रित आन्दोलनपछि देशमा विकसित नयाँ परिस्थितिको परिणामस्वरूप कार्की प्रधानमन्त्रीको दायित्व निर्वाह गर्नुपर्ने अवस्थामा पुगेकी हुन् । संविधान जोगाउने भगिरथ प्रयत्नका राष्ट्रपतिबाट भएको छ । यो अवस्थालाई सूक्ष्म अध्ययन गरी आन्दोलनलाई लामो समयसम्म जानबाट रोक्न नेपाली सेना सक्षम भएको छ । राजनीतिक निकासका लागि सहजीकरण गर्ने सेनाप्रमुख अशोकराज सिग्देललगायत नेपाली सेनालाई धन्यवाद दिनैपर्छ ।

जेन-जी आन्दोलनका रूपमा स्थापित यो आन्दोलन भविष्यमा यही नामले चर्चित हुने छ । आन्दोलनको राप र तापले स्थापित वर्तमान सरकारको काँधमा स्वाभाविकरूपमा गहन जिम्मेवारी आएको छ । यो सरकारसामु सबैभन्दा ठूलो कार्यभार छ- लोकतान्त्रिक प्रक्रिया सुनिश्चित गरी संवैधानिक सर्वोच्चता कायम गर्दै निर्धारित समय (फागुन २१) मा निर्वाचन सम्पन्न गर्नु । निश्चय पनि यसका लागि अनुकूल वातावरणको निर्माण अपरिहार्य छ। आन्दोलनले कल्पेको आकांक्षाको पृष्ठभूमिमा आगामी छ महिनाभित्र गर्न सकिने र गर्नुपर्ने कार्यको छोटो सूची तयार गरी कार्यान्वयनमा उत्रिनु सम्भवतः सरकारको सबैभन्दा ठूलो चुनौती हो ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको घोषणा भइसकेको सन्दर्भमा वर्तमान सरकारसँग काम गर्ने समय अत्यन्त कम छ भने गर्नै पर्ने काम धेरै छन् । नेपालीका महान् चाडपर्व मुखैमा आएका छन् । यसले झण्डै एक महिनासम्म कामको गति सुस्त बनाउँछ नै । जनताका चुलो निकै महँगो भएको छ । कृत्रिम अभावले जनतालाई असुविधा भएको छ । जनताका दैनिकीदेखि प्रशासनिक जिम्मेवारी र निर्वाचन सम्पन्न गराउनुपर्ने गहन दायित्व वर्तमान सरकारको काँधमा छ। आन्दोलनमा ध्वंस भएका संरचनाहरूको पुनर्निर्माणदेखि निर्वाचनको तयारी गर्नुपर्ने छ । त्यसैले आगामी छ महिनामा के-के गर्ने हो ? प्राथमिकताका आधारमा रोडम्याप तयार गर्नु सर्वाधिक ठूलो चुनौती रहेको छ । अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउनु सबैको कर्तव्यसमेत हुन आउँछ ।

झट्ट हेर्दा दुई दिनमात्र चलेको यो आन्दोलनले अत्यन्त महत्त्वपूर्ण सन्देश दिएको छ । यो सामग्री तयार पारुञ्जेल ७१ जनाले शहादत दिएको यो आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भएको छ । आन्दोलनका क्रममा भएको तोडफोड र क्षतिका आकलन र त्यसको सम्बोधन महत्त्वपूर्ण छ । सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तत्कालै गरी जनतालाई नियमित सेवा प्रदान गर्नु यो सरकारका सामु उपस्थित महत्त्वपूर्ण चुनौती हो । आन्दोलनका क्रममा सरकारीमात्र नभई निजी सम्पत्तिको पनि ठूलो नोक्सानी भएको छ । यस परिस्थितिमा शान्तिसुरक्षा बहाल गरी निर्भयका साथ देश र जनतालाई आफ्नो दैनन्दीमा फर्काउनु जरुरी छ। कार्यभार सम्हालेसँगै सरकारले आमजनता र आन्दोलनकर्मीलाई सम्बोधनको कार्य प्रारम्भ गरिसकेको छ, जो सकारात्मक छ । यसमा आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिलाई सहिद घोषणा गर्नाका साथै उनीहरूका परिवारलाई जनही १० लाख रूपैयाँका दरले क्षतिपूर्ति दिने, आन्दोलनका घाइतेको उपचार सरकारले गर्ने आदि निर्णय महत्त्वपूर्ण छन् ।

यस आन्दोलनको एउटा मुख्य माग मुलुकमा सुशासन कायम गर्ने भन्ने हो । यस आधारमा विगतमा भएका भ्रष्टाचार र अनियमितता तथा अकुत सम्पत्ति आर्जन गरेकामाथि कानुनी प्रक्रिया पूरा गरी कारबाही गर्नु सम्भवतः यो सरकारको मूल 'म्याण्डेट' हो । ढिलोचाँडो सरकारले यस कार्यको प्रारम्भ गर्ने अपेक्षा स्वाभाविक छ। भावी दिनमा राज्यले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गर्नेमा विमति छैन । सरकार यसमा निश्चय पनि अडिग रहने छ। सबैभन्दा महत्त्वपूर्ण कुरा सरकारका पक्षमा विश्वासको माहोल तयार हुनु आवश्यक हुन्छ । हेक्का रहोस्, सरकारप्रतिको अविश्वासकै कारण मुलुकमा यति ठूलो परिवर्तन भएको हो ।

मुलुकको विषम् परिस्थितिलाई सबै राजनीतिक दल र आमजनताले पनि गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ। सुशासन, भ्रष्टाचार निवारण, सार्वजनिक क्षेत्रमा पारदर्शितालगायत विषयका सन्दर्भमा सरकारसँग हातेमालो गर्नु आवश्यक छ । यस आन्दोलनमा उठान भएका विषय सामान्यतया हेर्दा युवा पुस्ताको आकांक्षाजस्तो देखिए पनि सारमा यी विषय सम्पूर्ण देशवासीको भावनासँग जोडिएका छन्, असंगत ठहर्दैन । विद्यमान अन्योलतालाई चिर्दै अगाडि बढ्नुपर्ने आमनेपालीको चाहनाबमोजिम संवैधानिक सर्वोच्चतालाई कायम राख्दै मुलुकमा शान्ति, सुव्यवस्था कायम गर्न सर्वपक्षीय योगदान र यसका लागि सार्थक संवादको वातावरण निर्माण अपरिहार्य छ। हक्की र दृढ निश्चयी स्वभावकी प्रधानमन्त्रीको विगतको मूल्यांकनका आधारमा भन्ने हो भने संक्रमण व्यवस्थापनको कार्य कठिन भए पनि उनी सफल हुने कुरामा विमति हुन सक्दैन ।

माथि पनि चर्चा गरियो, आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिका साथै विभिन्न उद्योगधन्दा र केही निजी सम्पत्तिमासमेत क्षति पुगेको छ । उनीहरूलाई पूर्ववत् व्यवसायमा फर्किन र लगानीका लागि उत्प्रेरित गराउन उत्तिकै आवश्यक छ । सार्वजनिक एवं निजी क्षेत्रका संरचना पुनर्निर्माणका लागि खर्बौं लगानी आवश्यक पर्ने देखिन्छ। राज्यको स्रोतलेमात्रै पुनर्निर्माण गर्न सक्ने अवस्था नहुन सक्छ। अन्तर्राष्ट्रिय सहयोग पनि आवश्यक पर्न सक्छ। यस्तै देशको अर्थ व्यवस्थाको एक मुख्य आधारका रूपमा स्वीकृत पर्यटनलाई पनि लयमा फर्काउनु उत्तिकै जरुरी छ। लगानीकर्ता त्रसित भइरहने स्थिति भए त्यसको गम्भीर असर रोजगारीसँगै स्वदेशी एवं विदेशी लगानीमा पर्ने हुँदा निजी क्षेत्रलाई निर्वाधरूपमा उद्योग व्यवसाय गर्ने वातावरण बनाउनु पनि कम चुनौतीपूर्ण छैन ।

वर्तमानको विश्लेषण गर्ने हो भने अहिले कुनै न कुनै रूपमा लोकतान्त्रिक संविधान जोगिएको छ र भावी दिनमा संविधानभित्रैबाट आन्दोलनलाई सम्बोधनको प्रयास हुनु अपेक्षित छ । राजनीतिक दल सरकारका कार्यशैलीबाट असन्तुष्ट जनताका अपेक्षाहरू वर्तमानमा निश्चय पनि फरक छन् । एउटा कुरा बुझ्नु जरुरी छ, अहिलेको आन्दोलनको नेतृत्व जेन-जी पुस्ताले गरेको भए पनि आन्दोलनलाई तिनका अभिभावकहरूको पनि उत्तिकै साथ र सहयोग रहेको छ। यो यथार्थ आन्दोलनकारी, वर्तमान सरकार र दलहरूले आत्मसात् गर्नु आवश्यक छ।

नेपालको राजनीतिक इतिहासललाई केलाएर हेर्ने हो भने कुनै पनि राजनीतिक प्रणाली लामो समयसम्म जनअनुमोदित हुन सकिरहेको पाइँदैन । जहिले पनि राजनीतिले जनआकांक्षालाई राम्ररी सम्बोधन गर्न नसकेकै कारण छोटो छोटो समयमा कोल्टो फेर्ने गरेको देखिन्छ। राणा शासनको उदय हुनुमा पनि दरबारभित्रको खिचातानी, अविश्वास र प्रतिशोध मुख्य कारक थियो। २००७ सालमा प्रजातन्त्र आइसकेपछि पनि झण्डै १० वर्ष संक्रमणमै बित्यो भने २०१५ सालमा जननिर्वाचित सरकारले दुई वर्ष पनि काम गर्न पाएन । २०१७ सालमा तत्कालीन राजा महेन्द्रले 'कू' गरी ल्याएको पञ्चायती शासनले ३० वर्षमा जनताका आवश्यकतालाई सम्बोधन गर्न सकेन। २०४६ सालको जनआन्दोलनले जनतालाई सार्वभौमसम्पन्न गराउनाका साथै प्रजातान्त्रिक अधिकारको सुनिश्चित त गऱ्यो तर यो पनि आरोपित नभई रहन सकेन । २०६२/६३ को आन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित त गऱ्यो तर यसले जनताको आकांक्षा सम्बोधन गर्न नसकेको र भ्रष्टाचार बढाएको आरोप खेप्नपऱ्यो र २०८२ मा जेन-जी आन्दोलनले आकार ग्रहण गऱ्यो ।

नेपालको राजनीतिक परिदृश्यमा पछिल्लो समय देखिएको अस्थिरता, सुशासनमा कमजोरी र दलको नेतृत्वप्रति बढ्दो अविश्वासले नागरिकमा असन्तुष्टि चुलिँदो थियो । २०४६ सालको परिवर्तनपछि देखिएका अनुहार नै निरन्तर लामो समयसम्म जनताले बेहोर्नुपर्ने जनताले सायद रुचाएनन् र जेन-जी आन्दोलनका रूपमा त्यो असन्तुष्टि अभिव्यक्त हुन पुग्यो । अभिव्यक्तिकै कुरा गर्दा आगोमा घिउ थप्ने कार्य गऱ्यो सामाजिक सञ्जालमाथिको नियन्त्रणको प्रयासले । यस अवस्थामा नयाँ पुस्ता, जो आफूहरूको अभिव्यक्तिको मुख्य माध्यम यही सञ्जाललाई मान्दछ, मा वितृष्णा उत्पन्न हुनु अस्वाभाविक थिएन ।

जनसंख्यामा ठूलो हिस्सा युवा पुस्ताको रहे पनि सबै राजनीतिक पार्टीमा उनीहरूको भूमिकाको खोजी गरिनुको सट्टा उनीहरूका आवाजलाई दबाउने वा निस्तेज पार्ने काम स्वयं पार्टी नेतृत्वबाट भएको बुझाइका आधारमा युवामा विद्रोहको चेतनाको विस्तारको अवस्थामा आन्दोलनको प्रस्फुटन अवश्यम्भावी नै थियो। यस्तै राजनीतिबाट टाढा रहेकोजस्तो देखिने युवाहरू स्वदेशमै अवसर नदेखेपछि दिनहुँ हजारौंको संख्यामा विदेसिनुपर्ने अवस्थाले परिवार र समाजमा असन्तुष्टिको भाव बढ्न थालेको थियो, जसलाई शासनले सम्बोधन गर्न सकेको थिएन, यो सत्य हो ।

आन्दोलनले जहिले पनि शक्ति संरचनालाई चुनौती दिने अपेक्षा गरिन्छ । आन्दोलन व्यक्तिहरूको दमित इच्छा र आकांक्षा प्रकटीकरणको माध्यम हो । अन्यायविरुद्ध व्यक्तिहरूको संयुक्त अभियान पनि हो। जहाँ आन्दोलनकारीहरूले आफ्नो शक्ति र नेतृत्वलाई एकीकृत गर्दै परिवर्तनका लागि मुद्दाको छनोट गरी त्यसको प्राप्तिका लागि एक निश्चित समयावधिसम्म सामूहिक भूमिका निर्वाह गर्छन् । आन्दोलनको महत्त्व, अन्यायका सूचकहरूमा मात्र सीमित नभई त्यसको जरासम्म पुग्ने व्यक्तिहरूको, प्रतिबद्धतामा निर्भर गर्दछ ।

परिवर्तनको लक्ष्य दीर्घकालीन हुन्छ । परिवर्तन जसलाई चाहिएको छ तिनै सरोकारवाला व्यक्तिहरूले आन्दोलनको नेतृत्व गर्ने र निर्देशन दिने गर्दछन् । नेपालमा भएको यो पछिल्लो आन्दोलनलाई पनि त्यही अर्थमा बुझिनु उचित हुन्छ । आन्दोलनले आफ्नो आकांक्षा सम्बोधन गर्ने पात्रका रूपमा प्रधानमन्त्री कार्कीलाई स्वीकार गरेको छ । कार्कीलाई निश्चय पनि असफल हुने छुट छैन । सँगै आन्दोलनको सन्देशलाई आत्मसात् गरी नेपालको नवनिर्माणमा जुट्नु लोकदायित्व हो। सबैले गम्भीर हुनु जरुरी छ।

*(लेखक राससका कार्यकारी अध्यक्ष हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँ( दा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।






✍ बैकुण्ठ भण्डारी

# ऊ त गयो माया मारेर !

आँखाबाट आँसु सुक्न सकेको छैन। बलिन्द्र धारा बगिरहेको छ। एकैछिन् मुर्छा पर्ने अनि एकै छिनमा कराउने भइरहेको छ। पीडामा गाउँका अरु महिलाहरू पनि गहभरि आँसु पारेर उनलाई सम्झाउने प्रयास गरिरहेका छन् । जो सम्झाउन खोजिरहेका छन्, उनीहरू पनि कहाँ नभक्कानिएको हो र ! उनीहरूको मनले पनि मान्दै मानेको छैन ।

फलैंचामा सेताम्यै कपाल फुलेका हजुरबा घुँडामा चिउँडो पारेर एकोहोरो तुलसाको मठतिर हेरिरहेका छन् । हातको कुहिनोको भरमा मुट्ठी बटारेर नशा फुलाउँदै अहिले नै पाएदेखि भकुर्नसम्म भकुर्न सक्थेजस्तो क्रोधका भावले हिउँजस्तो कपालले निधार छोपिएको छ । आँगनभरि गाउँका मानिसहरू जम्मा भएका छन् । उनकी आमाको त्यो भावविह्वल अवस्था अनि उसको त्यो बालापनलाई स्मरण गर्दै पूरै गाउँ शोकमा छ । कठैबरा ! त्यो कलिलो मुनालाई कसरी निमोठ्न सकेको होला ? डचाङ-डचाङ हान्न आँट पनि कसरी आएको होला ? त्यसले ती बच्चाहरूलाई गोली बर्साउन आफ्नो घरको बच्चाहरूलाई किन नसम्झिएको होला ? छिमेकीहरूबीच यस्तै यस्तै कुरा भइरहेको थियो । सबका आँखा रसाइरहेका थिए ।

फलैंचामा टुक्रुक्क बसेका हजुरबा ओर्लेर आँगनको डिलमा पुगे । दक्षिणतिर बगिरहेको नदीलाई हेरे । लामो सास फेरे अनि आँखाबाट बगेको आँसु अरुले देख्लान् कि भनेर हत्केला पुछे । अघिल्लो दिनसम्म निकै खुसी उत्साहले भरिएको त्यो घर एकै दिनमा शोकमा डुबिरहेको थियो। हजुरबाले आफ्नो आँखाबाट झरेका आँसु पुछे । हजुरबासँगै रहेका भतिजले हजुरबाटको हात समातिरहेका थिए । हजुरबाको बोली बल्ल फुटचो- 'ऊ त गयो माया मारेर !'

उसले केही महिना अघिमात्र स्नातक सकेको थियो । अर्को महिना जापान जाने अन्तिम तयारीमा थियो । हजुरबालाई अर्को वर्ष जापान घुमाउने लैजाने वाचा पनि गरेको थियो । तर त्यो वाचा प्रहरीको एक गोलीले खरानी बनाइदियो । जेन-जी प्रदर्शनमा ऊ साथीहरूकै लहैलहैमा लागेर पुगेका थिए । केही हप्तादेखि नै विद्यार्थीहरूलाई प्रदर्शनमा भाग लिनका लागि सामाजिक सञ्जालमा अपिल गरिएको थियो । सकेसम्म विद्यालयको पोसाकमा नै शान्तिपूर्णरूपमा प्रदर्शन गर्ने योजना थियो । त्यसैले उसलाई पनि आफ्नो युवा पुस्ताले देश विकासका लागि आह्वान गरेको प्रदर्शनमा साथीभाइहरूले जाउँ भनेपछि नजान मनले कहाँ मान्थ्यो र !

ऊ पनि माइतीघर पुगे। आफूभन्दा 'जुनिएर' भाइबहिनीहरू विद्यालयकै पोसाकमा सहभागी भएका थिए । एक-दुई जनाले प्रदर्शनमा गर्न नहुने कार्यका बारेमा सचेत गराइरहेका थिए। गाडीमाथि बसेर उनीहरूले सबै सहभागी विद्यार्थीहरूलाई जथाभावी फोहोर नफाल्ने, कुनै पनि सार्वजनिक वस्तुहरूको तोडफोड नगर्ने, कसैलाई पनि अपशब्द बोल्न वा नारा लगाउन नपाइने नियम बताएका थिए ।

माइतीघरमा जेन-जी पुस्ताको यति ठूलो भीड लाग्यो, क्रमशः थपिँदै गइरहेको थियो । त्यो शान्त भीडले केही वर्षअघि गुठी विधेयकको विरोधमा काठमाडौंबासीले निकालेको प्रदर्शनको झझल्को दिएको थियो । सबै जेन-जी युवा पुस्ता सहभागी भई क्रमशः नयाँ बानेश्वरतर्फ लम्किरहेका थिए । ठाउँ-ठाउँमा को-को भीडमा पस्यो पत्तो पाएनन् । 'भ्रष्टाचार अन्त्य गर' भन्ने नाराका बीचमा राजनीतिक नारा घन्किन थाल्यो । युवा पुस्ता त हुन्- '...चोर देश छोड' लगायतका नारा लगाउँदै अगाडि बढे ।

त्यो जुलुसले निषेधित क्षेत्रमा आफ्नो चर्को नारा धन्कायो । निषेधित क्षेत्रमा रहेका सुरक्षाकर्मीसँग धकेलाधकेल पनि भयो । प्रहरीले पानीको फोहोरा हानेको जस्तो पनि नगरेको होइन । त्यही पानीको फोहोरासँगै भीड उत्तेजित हुँदै गयो । प्रहरी र प्रदर्शनकारीबीच धकेलाधकेल हुँदै भीडले निषेधित क्षेत्र तोडचो। बानेश्वरको निषेधित क्षेत्र तोड्दै भीड संसद् भवनतिर जुर्मुरायो । माइतीघरमा हुँदा सभ्य रहेको जेन-जी युवा पुस्ताको प्रदर्शनभित्र को-को सहभागी भए, पत्तै भएन । भीडले संसद् भवन प्रवेश गर्ने प्रयास गऱ्यो । जेन-जीको प्रदर्शनको फाइदा उठाउँदै केही व्यक्तिले आफूलाई ल्याएको विभिन्न किसिमका साधनले संसद्को पर्खाल भत्काउन सुरु गरे ।

संसद् भवनको वरपर भीड यति धेरै बढचो कि सायद संसद् भवनको सुरक्षामा खटिएकाहरूले सम्हाल्नै सकेनन् । त्यो स्थिति पनि थिएन । त्यही भएर होला प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार भइनै रहचो। त्यहाँ अश्रुग्यासमात्र प्रहार भएन। प्रदर्शनको केही समयमा नै सुरक्षाकर्मीहरूले अनियन्त्रितरूपमा गोली प्रहार गर्न थाले। भीड तितरवितर हुँदै फेरि जम्मा हुँदै प्रहरीको ज्यादतीविरुद्ध खनियो। ढुंगामुढा प्रहार रोक्न अश्रुग्यासले मात्र सम्भव भएन । प्रहरीबाट बर्बर रूपमा नै गोली प्रहार भयो। ताली बजाउँदै हिँडेका स्कुले विद्यार्थी प्रहरीको गोलीबाट त्यहीँ ढले। सँगैका अरुले भन्दै थिए- 'लौन भाइलाई गोली लाग्यो अस्पताल पुऱ्याऊ'। प्रदर्शनकारीहरूले गोली लागेको टाउँको समाउँदै कसैले हातमा कसैले खुट्टा समाएर अस्पताल पुऱ्याए ।

संसद् अगाडि एकजनालाई मात्र गोली लागेको थिएन । प्रहरीले आकाशको चरा ढालेजस्तै जेन-जी प्रदर्शनमा आएकाहरूलाई गोलीको निशाना बनाएर सडकमा ढालिसकेको थियो । दुई घण्टाकै अवधिमा करिब १९ जनालाई गोलीले सिध्याइसकेको थियो । सयौं प्रदर्शनकारी घाइते भइसकेका थिए । केही समयमा नै कर्फ्यु लागिसकेको थियो । प्रहरीले आकाशमा उडेको चरा ढालेजस्तै आफ्ना साथीभाइहरूलाई गोली हानेपछि युवा पुस्ता पछि हटेन। बरु चर्को प्रतिवाद सहित प्रहरी माथि खनिए। प्रहरी र प्रदर्शनकारबीच निकै लामो संघर्ष चल्यो । केही घण्टामा नै १९ जनाले ज्यान गुमाइसकेका घटना 'एक कान, दुई कान, मैदान' भयो । सरकारको तर्फबाट जेन-जी आन्दोलनमा भएको नरसंहार विश्वभर फैलियो । अँध्यारो हुँदै गयो । प्राकृतिकरूपमा मात्र अँध्यारो होइन एकै दिनमा १९ जनाको घरपरिवारमा बादल मडारियो। धेरैका काख रित्तिए ।

सरकारले दिउँसैदेखि अनिश्चित्कालीन कर्फ्यु लगाएपछि भोलिपल्ट युवाहरूले विद्रोह गरे। त्यसैले सत्ता ढाल्यो। संसद् भवन जल्यो, सिंहदरबार जल्यो, सर्वोच्च अदालत, शितलनिवास, बालुवाटारलगायत धेरै संरचनाहरू जले । ती भवनमात्र जलेनन् । त्यहाँभित्र रहेका इतिहासका साक्षी पनि जले। घर जले, मन जले धेरै कुरा जले । 'ऊ त गयो, गयो माया मारेर' । घर रित्तियो, आमाको काख रित्तियो, परिवारको सपना रित्तियो। अब हेरौं के पो भित्रिन्छ। सेतै फुलेका हजुरबाले भने, 'मर्ने त मरेर गयो, त्यही मर्नेको नामबाट देश नमरोस्। आशा, विश्वास र भरोसा नमरोस्।'



**जितिया पर्व** | महोत्तरीको जलेश्वर नगरपालिका–१ स्थित बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा जितिया बसेका महिलाहरू पण्डितबाट जितिया व्रतको कथा सुनेर व्रत समापन गर्दै । *तस्बिर: सञ्जीतकुमार मण्डल/रासस*

# गण्डकीमा सहज बन्दै सार्वजनिक सेवा

■ प्रभाव संवाददाता



**गण्डकी–** जेन-जी आन्दोलनका कारण प्रभावित बनेको सार्वजनिक सेवा बिस्तारै सञ्चालन हुन थालेको छ । अदालतलगायत सरकारी निकाय र कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत्‌रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको हो ।

जिल्ला प्रशासन कार्यालय कास्कीले आइतबारदेखि मुद्दा, शान्तिसुरक्षा र विपद् व्यवस्थापनलगायत अत्यावश्यक सेवा सञ्चालन गरिएको जानकारी दिएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवालाई क्रमिकरूपमा सञ्चालन गरिने भएको हो ।

जेन-जी आन्दोलनका क्रममा यही भदौ २४ गते भएको आगजनी र तोडफोडका कारण क्षति पुगेको कार्यालयमा सामान्य मर्मतसम्भार गरी अत्यावश्यक सेवा सञ्चालन गरिएको हो । विषम् परिस्थितिका कारण कार्यालयबाट प्रवाह हुने सेवाको प्राप्तिमा धैर्य गरिदिन कार्यालयले सार्वजनिक सूचनामार्फत सर्वसाधारणलाई अनुरोध गरेको छ ।

आगजनीबाट जिल्ला प्रशासन कार्यालयका फर्निचर, कम्प्युटरलगायत महत्त्वपूर्ण जलेर नष्ट भएको जनाइएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतसँग सम्बन्धित सम्पूर्ण अभिलेख पनि जलेको कार्यालयले जनाएको छ । पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी गरिएको थियो ।

उच्च अदालत पोखरा, बागलुङ इजलासले पनि सोमबारदेखि मुद्दाको सुनुवाइलगायत अदालतको नियमित कामकारबाहीलाई नियमित रूपमा सञ्चालन गरिने जनाएको छ । जेन-जी आन्दोलनका कारण यही भदौ २५ गते सूचना जारी गर्दै अदालतले बन्दी प्रत्यक्षीकरणको निवेदनबाहेक अन्य मुद्दाको सुनुवाइ स्थगित गरेको थियो ।

अदालतका रजिस्ट्रार रामबहादुर क्षेत्रीले सोमबारदेखि साप्ताहिक पेसी सूचीमा चढाउनुपर्ने मुद्दाबाहेक अन्य मुद्दाको सुनुवाइ नियमित सञ्चालन हुने जानकारी दिए । जेन-जी आन्दोलनका कारण उत्पन्न विषम् परिस्थितिका कारण केही दिन अदालतको सेवा प्रवाह प्रभावित भएको थियो ।

पोखरा महानगरपालिकालगायत स्थानीय तहले पनि अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेका छन् । अन्य सरकारी कार्यालयले पनि बिस्तारै सेवा प्रवाहलाई सहज बनाउने प्रयासमा छन् । गण्डकी प्रदेशका कतिपय स्थानीय तहमा आइतबारदेखि नै विद्यालय सञ्चालनमा आएका छन् ।

पोखरा महानगरपालिकाका विद्यालय भने आगामी असोज १ गतेदेखि सञ्चालन गर्ने निर्णय नगर कार्यापालिकाको बैठकले गरेको छ । आन्दोलनका कारण विद्यालयहरूले लिने परीक्षा भने पछाडि सारिएको छ । शनिबारदेखि कर्फ्यु र निषेधाज्ञा हटेपछि जनजीवन सामान्य बनेको छ । सार्वजनिक यातायात पनि सञ्चालनमा आएको छ ।

## दाङका सबै सरकारी कार्यालयमा सरसफाइ

'जेन-जी' आन्दोलनका क्रममा आगजनी भएका दाङका सबै कार्यालय सरसफाइ गरिएको छ । सोमबारसम्म सबै सरकारी कार्यालय सरसफाइ गरिएकामा अत्यावश्यक कामहरू पनि सुरु भएका छन् । उच्च अदालत, तुलसीपुरले बन्दीप्रत्यक्षीकरणका निवेदन दर्ता सुरु गरेको छ ।

यस्तै, तुलसीपुर उपमहानगरपालिकाले क्यान्सर, मिर्गौलापीडितको उपचारका लागि सिफारिस दिन सुरु गरेको छ । उपमहानगर प्रमुख टीकाराम खड्काले कार्यपालिका बैठकले मंगलबारदेखि पूर्णरूपमा सेवा दिने निर्णयसमेत गरिसकेको बताए । मंगलबार सर्वपक्षीय बैठकसमेत बोलाइएको उनले जानकारी दिए ।

यस्तै, मालपोत, यातायात, आन्तरिक राजस्व, इलाका प्रशासन, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, भू-संरक्षण तथा जलाधार, लोकसेवा आयोग र नेपाल आयल निगमको कार्यालयमा सरसफाइ गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी यज्ञबहादुर बुढाले जिल्लामा आगजनी र तोडफोडबाट क्षतिग्रस्त बनाएका दुई दर्जनभन्दा बढी कार्यालय सफाइ गरिएको बताए ।

# गिद्धको संख्या बढ्दै संरक्षणकर्मी उत्साहित



**कञ्चनपुर–** सुदूरपश्चिम प्रदेशमा गिद्धको संख्या विगतको तुलनामा क्रमशः बढ्दै गएको पाइएको छ । गिद्धको संख्या बढ्नुमा वातावरणीय सन्तुलन, स्वच्छता र खाद्य शृंखला कायम राख्नका लागि उत्साहजनक संकेतका रूपमा लिइएको छ ।

नेपाल पन्छी संरक्षण संघ (बिसिएन)ले हरेक वर्ष सञ्चालन गर्ने गिद्ध गुँड अनुगमनअनुसार यस वर्ष सक्रिय गुँडको संख्या १५५ पुगेको छ, जुन गत वर्षको तुलनामा वृद्धि हो । बिसिएनका अनुसार गत वर्ष १४३ वटा सक्रिय गुँड भेटिएका थिए भने यस वर्ष बढेर १५५ पुगेका छन् । कञ्चनपुरमा सबैभन्दा बढी १२६ गुँड फेला परेका छन् ।

त्यस्तै बैतडीमा १२, डडेलधुरामा १० र कैलालीमा सात गुँड भेटिएका छन् । यस वर्ष कञ्चनपुर र डडेलधुरामा गुँड संख्या बढेको भए पनि कैलाली र बैतडीमा भने केही घटेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा नौ प्रजातिका गिद्ध पाइन्छन् । तीमध्ये अति संकटापन्नमा पर्ने डंगर, सानो खैरो, लामो ठुँडे, सुन गिद्ध, संकटापन्न सेतो गिद्ध र संकटको नजिक रहेका हिमाली, हाडफोर, खैरो र राज गिद्ध रहेका छन् । कञ्चनपुरमा आठ प्रजाति र कैलालीमा सात प्रजातिका गिद्ध फेलापरेका छन् । यसले सुदूरपश्चिमलाई गिद्धका लागि महत्त्वपूर्ण आवास क्षेत्रका रूपमा चिनाएको छ ।

राष्ट्रिय गिद्ध गणना सेप्टेम्बर ५, ६ र ७ तारिखमा गरिएको थियो । सोही क्रममा गिद्ध र गुँडको संख्या यकीन गरिएको नेपाल पन्छी संरक्षण संघका चराविज्ञ हिरूलाल डगौराले बताए । उनका अनुसार गणनाको उद्देश्य गिद्धको आधारभूत 'डाटाबेस' निर्माण गर्नु, राष्ट्रिय गिद्ध डाटाबेसलाई व्यवस्थित गर्नु र संरक्षणका लागि तथ्यांकीय आधार तयार गर्नु रहेको थियो ।

गणनामा ४८ स्वयंसेवक सुदूरपश्चिमका विभिन्न जिल्लामा खटिएका थिए । 'टोलीले अवलोकन गरिएको स्थलको जिपीएस स्थानसमेत अभिलेख राखेको छ,' उनले भने, 'गिद्धबाहेक अन्य चराचुरुंगी र स्तनधारी जनावरको पनि विवरण संकलन गरिएको छ ।'

यस वर्षको गणनामा सुदूरपश्चिम प्रदेशमा जम्मा ५७३ गिद्ध भेटिएका छन् । चराविज्ञ डगौराका अनुसार गणनाका क्रममा सानो खैरो गिद्ध नौ, डंगर गिद्ध ४४२, सुन गिद्ध १४, गोव्रे गिद्ध नौ, हिमाली गिद्ध ९४ र हाडफोर गिद्ध पाँचवटा देखापरेका छन् । लामो ठुँडे गिद्ध, राजगिद्ध र सानो खैरो गिद्ध हिउँदमा मात्र देखापर्ने भएकाले गणनमा समावेश गरिएको छैन ।

कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बाजुरा र दार्चुलामा गणना गरिएको थियो । सबभन्दा बढी कञ्चनपुर र कम दार्चुलामा भेटिएका छन् । गिद्ध आफैं सिकार नगर्ने तर मरेका जनावरको सिनो खाने चराका रूपमा चिनिन्छ । गिद्धलाई 'प्रकृतिको कुचीकार' पनि भनिन्छ ।

गिद्धले वातावरणलाई दुर्गन्धित र प्रदूषित हुनबाट जोगाउनुका साथै हैजा, आउँ, झाडापखाला, रेबिज, प्लेग, क्षयरोग, एनथ्राक्सजस्ता रोग फैलिनबाट नियन्त्रण गर्ने भूमिका निर्वाह गर्ने उनी बताउँछन् । संरक्षणकर्मीका अनुसार गिद्ध वातावरणीय चक्रको अभिन्न हिस्सा हुन् । खाद्य शृंखलामा सन्तुलन कायम राख्न गिद्धको उपस्थिति अपरिहार्य हुन्छ । यदि गिद्ध नहुने हो भने वातावरणीय प्रदूषणमात्र होइन, महामारीको जोखिम पनि बढ्ने खतरा रहन्छ ।

गिद्ध संख्या बढ्नु उत्साहजनक भए पनि संरक्षणकर्मीहरूले अझै पनि गिद्ध संवेदनशील अवस्थामा रहेको बताएका छन् । पशु उपचारमा प्रयोग हुने केही रासायनिक औषधि, गुँड नष्ट हुने गतिविधि, बासस्थान अतिक्रमण र वातावरणीय असन्तुलन गिद्ध संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा रहेको चरा संरक्षणकर्मी सुवन चौधरी बताउँछन् । *रासस*

# बासस्थान खलबलिँदा चराको संख्या घट्ने चिन्ता

**देउखुरी (दाङ)–** पछिल्लो समय यहाँ बासस्थान खलबलिँदा चराको संख्या घट्दै गएको छ । यहाँ कतिपय चराको संख्या न्यून भइरहेको छ भने केही चरा लोपोन्मुख अवस्थामा पुगेका छन् । घोराही उपमहानगरपालिका-९ निवासी ७२ वर्षीया पार्वता शर्मा चराको संख्या कम हुँदै गएको बताउँछिन् । उनी भन्छिन्, 'पहिले गाउँमा (खर) फुसका छाना हुन्थे, चराले त्यसैमा गुँड बनाएर बचेरा कोरल्ने र हुर्काउने गर्थे । बिहान मिर्मिरेमा चराको चिरबिर आवाज गुञ्जिँदा छुट्टै आनन्द हुन्थ्यो । कहिलेकाहीँ चराको आवाजले बिहानीको निद्रा खुल्ने गर्थ्यो ।'

उनलाई अझै सम्झना छ, केही समयअघि आँगनभरि थरीथरीका चारा आउँथे । मंसिरमा आगनमा धान ल्याएपछि चराहरू झन् थपिँदै जान्थे । पछिल्लो समय चराको चिरबिर कम भएको शर्माले बताइन् । चराको बासस्थान खलबलिएकाले अचेल त्यस्तो आवाज खासै नसुनिने गरेको उनको भनाइ छ ।

घोराही उपमहानगरपालिका-६ का ६५ वर्षीय वीरबहादुर चौधरीले चराको बासस्थान घट्दै गएका कारण संख्या पनि कम हुँदै गएको बताए । 'भँगेराको चिरबिर र कोइलीको कुहुकुहु आवाज हराउँदै गएको छ । पक्की घरका कारण पनि घरमा बस्दै आएका चरा कम भएका छन् । गौथली, परेवा, भँगेरा, मैना जस्ता चराले फुसको छानोमा गुड बनाउने गर्थे । अहिले सबै घर पक्की भएपछि गुँड लगाउने ठाउँको कमी भएको छ,' उनले भने ।

एकातिर रुख हुने स्थानमा घरैघर छन्, भएका घर पनि सिमेन्टले बनेका चरामैत्री छैनन् । जसले गर्दा समस्या आएको धेरैको भनाइ छ । चराविज्ञ आनन्द चौधरी रैथाने चराको संख्यामा कमी आएको बताउँछन् । चराहरू बसाइँसराइ गर्ने र आगन्तुक चरा नेपालमा आउने क्रम भने बढेको उनको भनाइ छ । यसरी आउने आगन्तुक चराका लागि यतै बस्ने वातावरण मिलाउनसके चराको संख्या बढ्ने चौधरीको बुझाइ छ ।

'चराहरू लामो यात्राको प्रयास गर्ने, आराम गर्ने त छँदै छ, पछिल्लो समय जलवायु परिवर्तनका हिसाबले पनि समस्या भयो । चरा संकटमा पर्नुका प्रमुख कारणमध्ये बासस्थानको विनास, जलवायु परिवर्तन, भौतिक पूर्वाधार पनि हुन्,' उनले भने, 'चरा खतराको सूचकमात्रै होइन, अवसर पनि हो । यिनको संरक्षणका लागि सोच्नुपर्ने आवश्यकता छ ।'

यसका लागि सरकारी निकाय, स्थानीय र आदिवासी समुदायसँग सहकार्य गर्दै चरा तथा जैविक विविधता क्षेत्रको महत्त्वबारे आमनागरिकलाई जानकारी गराएर संरक्षण अभियान सञ्चालन गर्नुपर्ने चराविज्ञ चौधरीको धारणा छ । आगन्तुक चराका लागि अतिआवश्यक बासस्थानको पहिचान, अनुगमन र संरक्षण सुनिश्चित गर्ने, जनसमुदायलाई सचेत बनाउने विषयमा सबैले लाग्नुपर्ने उनको सुझाव छ । *रासस*

# फिर्ता हुन थाल्यो लुटिएका चामल र चिनी

**सिरहा–** यहाँको लहान नगरपालिका-१ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटपाट गरिएको खाद्यान्न प्रशासनको कडा उर्दीपछि फिर्ता हुन थालेको छ ।

जेन-जी आन्दोलनका क्रममा गत मंगलबार दिउँसो कम्पनीको गोदामबाट चामल, चिनी लुटपाट भएको थियो । इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायका अनुसार लुटपाटको घटनाले राष्ट्रियस्तरमै लहानको बेइज्जत गराएको भन्दै कार्यालयले कडा निर्देशन जारी गरेपछि फिर्ता हुन थालेको हो । उनले भने, 'हामीले उर्दी जारी गरेका थियौं फिर्ता गर्नका लागि । फिर्ता नगर्नेलाई सिसिटिभी फुटेज र सामाजिक सञ्जालमा उपलब्ध फोटो भिडियोका आधारमा पहिचान गरी कानुनी कारबाही गरिने छ भनेर ।'

उनका अनुसार स्थानीय युवाहरूको सक्रियतामा चामल र चिनी क्रमशः फिर्ता हुन थालेको हो । केही व्यक्तिहरूले स्वयं आएर र केहीले स्थानीय युवाको माध्यमबाट आइतबार चामल र चिनी फिर्ता गरेका छन् । खाद्य कम्पनी लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोका अनुसार आइतबार बेलुका ९ बजेसम्म ७१ क्वीन्टल चामल र करिब १८ क्वीन्टल चिनी फिर्ता भएको छ । 'फिर्ता गर्नेको प्रतिष्ठालाई ध्यानमा राखेर नाम भने गोप्य राखिएको छ,' महतोले भने ।

विवरणअनुसार चारवटा गोदाममा भण्डारण गरिएको आठ हजार १४८ क्वीन्टल चामल, तीन हजार २२० क्वीन्टल चिनी, ५३ क्वीन्टल २१ किलो धान र ९८ हजार ८१५ थान जुटका बोरा लुटिएका थिए । उनका अनुसार यसको अनुमानित मूल्य १० करोड ९१ लाख २२ हजार रूपैयाँबराबर रहेको छ ।

खाद्यान्नलाई सुरक्षित राख्न प्रयोग गरिने विशेष प्रकारका 'फ्युमिगेसन सिट' लुटिएको छ । महतोका अनुसार, ती सिटहरू अत्यन्तै भारी हुने र उठाउन कम्तीमा १० जनाको आवश्यकता पर्दछ । यस्तो सिट खाद्य कम्पनीसँग मात्रै रहेको जनाइएको छ ।

लुटपाटको क्रममा कार्यालयपरिसरमा राखिएको कार र मोटरसाइकलमा आगजनी गरिएको छ । खाद्यकर्मीको 'क्वार्टर' बाट ल्यापटप, खाना पकाउने दुई थान ग्यास सिलिण्डर तथा मोबाइलसमेत लुटिएको छ । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/११/०४ मा दर्ता भएको प्रा.लि.नं.१३२३९४ को **ईनर्जी ट्रेडर्स एण्ड कन्सल्टेन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. २७४८७० को **ईश्वर हिमाल एग्रो एण्ड फूड्स** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२/०२/२९ मा दर्ता भएको प्रा.लि.नं. ३६८५८० को **एस.एम.सी.एन. एड्भरटाइजिङ सर्भिस सेन्टर** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मलेसियामा रोजगार** — कम्पनी : CIPLI HARWARE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331006 | चलानी नं. ६०२४४८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1700 | ५७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HAI HONG FISHERY

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331007 | चलानी नं. ६०२४४८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 10 | 0 | 1700 | ५७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 157/056/57
ASHUTOSH MANPOWER CONSULTANCY PVT. LTD.
Basundhara - 3, Kathmandu, Nepal, Tel: +977-1-4959136, 4960446
E-mail : ashutoshmanpower.np@gmail.com, Web: www.manpowernepal.com



**कतारमा रोजगार** — कम्पनी : ELTORO MEXICAL GRILL RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 330968 | चलानी नं. ६०२४४८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1500 | ५८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 0 | 1 | 1500 | ५८,०८० | | | | | | | |
| 3 | WAITER(FEMALE) | 0 | 2 | 1500 | ५८,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Sandiya Human Resources Pvt. Ltd.
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम ईजाजत नं. १०९७/०७३/०७४



**साउदी/युएइमा रोजगार** — कम्पनी : DAR AL-NAHEET CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 324918 | चलानी नं.६०२३८८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RITHIKA ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324267 | चलानी नं. ६०२३८२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 1 | 0 | 1200 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४६,१४० | | | | | | | |
| 3 | Plasterer | 1 | 0 | 1200 | ४६,१४० | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | ४६,१४० | | | | | | | |
| 5 | Steel Fixer | 1 | 0 | 1200 | ४६,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ७ गते (23rd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## खुल्यो फिल्म हल

जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक परिस्थितिका कारण बन्द भएका फिल्म हल सोमबारदेखि खुला भएका छन् । नेपाल चलचित्र संघको आइतबार बसेको बैठकले हल खोल्ने निर्णय गरेको चलचित्र सङ्घका अध्यक्ष नरेन्द्र महर्जनले जानकारी दिए । महर्जनले भने- 'हल बन्द हुँदा लागेका फिल्म नै पहिले रिलिज हुनेछ ।' यसअघि गत सोमबारको जेन-जीको आन्दोलनपछि चलचित्र हल बन्द भएका थिए ।





# फुलपातीमा जुध्ने भए 'अभिमन्यु' र 'हरिबहादुरको जुत्ता'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'अभिमन्यु: च्याप्टर १' फूलपाती अर्थात् असोज १३ गते रिलिज हुने भएको छ । चलचित्र निर्माण कम्पनी सेभेन सिज नेपालले एक विज्ञप्ति जारी गर्दै चलचित्रको नयाँ रिलिज मिति बाहिर ल्याएको हो ।

यसअघि चलचित्र भदौ २७ गते प्रदर्शनमा आउने तय भएको थियो । जेन-जीको प्रदर्शनका कारण उक्त समय चलचित्र रिलिज हुन नसकेपछि १३ असोजमा आउन लागेको हो ।

'भदौ २७ गते प्रदर्शनमा ल्याउने पूर्वनिर्धारित मिति तय गरिएको भए पनि देशको विषम परिस्थितिलाई मध्यनजर गर्दै हामीले प्रदर्शन स्थगित गरेका थियौँ', सेभेन सिजले अगाडि भनेको छ, 'तर अहिले देशमा भएको आमूल परिवर्तनलाई सकारात्मक दृष्टिले लिएर हाम्रो चलचित्र उद्योगलाई निरन्तर चलायमान र गतिशील बनाउने उद्देश्यका साथ हामीले नयाँ प्रदर्शन मिति घोषणा गरेका छौँ ।'

चलचित्रको प्रचार प्रसार खर्च भइसकेकोले धेरै समय होल्ड गर्नु उचित नभएको निर्माता विनोद पौडेल बताउँछन् । 'हामी सोच विचार गरेर नै फूलपातीमा आउने निर्णय गरेका हौं । कसैसँग जुध्ने र जुधाउने हाम्रो उद्देश्य







होइन । धेरै पछि जाने अवस्था पनि छैन', विनोदले भने, 'हामी भदौ २७ मा आउँदा सोलो रिलिजको मौका पाएका थियौं । तर, परिस्थितिले हामीलाई असोज १३ मा ल्याइपुर्याएको हो । हामी सरसल्लाह गरेर नै यो मितिमा आएका हौं ।'

चलचित्रमा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतको मुख्य भूमिका छ । सुशान्त गौतम निर्देशित चलचित्र मुकेश खनालले लेखेका हुन् ।

विनोद पौडेल र गुञ्जन गिरी निर्माण रहेको चलचित्रका रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता, विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ कार्यकारी निर्मातामा रहेका छन् ।

### ...हरिबहादुरको जुत्ता पनि फूलपातीमै रिलिज हुने

फिल्म 'हरिबहादुरको जुत्ता' आगामी फूलपातीमै रिलिज हुने भएको छ । सोमबारबाट फिल्म हल खुल्ने भएपछि निर्माण पक्षले फिल्मको रिलिज फूलपातीमै हुने जानकारी दिएको छ । जेन-जी आन्दोलनका कारण यसअघि उक्त फिल्म प्रदर्शनबारे अन्यौलता थियो ।

'हरिबहादुरको जुत्ता' फूलपातीमै रिलिज गर्ने हाम्रो तयारी यथावत् छ', निर्माता सरोज वलीले भने, 'हामीले फिल्मको प्रचार प्रसार समेत रोकेका छैनौं ।'

दीपेन्द्र के. खनाल निर्देशित फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, दिव्य देव, हरिहर शर्मा, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायत कलाकारहरूको अभिनय छ । एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता सरोज ओली र मोहितवंश आचार्य हुन् ।

कृष्ण बहादुर थापाको छायांकन, नकुल खड्काको सम्पादन रहेको फिल्ममा वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपुतको संगीत छ । कमेडी र भावनात्मक विषयवस्तु प्रस्तुत गर्नेछ ।

# हल सञ्चालनमा आएसँगै 'कोशेढुंगा'को निरन्तरता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वकालिक सफल सिनेमा 'पूर्णबहादुरको सारंगी' का निर्देशक सरोज पौडेलको निर्देशनमा निर्माण भएको चलचित्र 'कोशेढुङ्गा'को प्रदर्शनले सोमबारदेखि निरन्तरता पाएको छ ।

प्रदर्शनमा आएको दोस्रो सातासम्म आइपुग्दा कोशेढुङ्गा उच्च अकुपेन्सीसहित प्रदर्शन भइरहेको थियो । भदौ २३ गतेदेखि मुलुकमा उत्पन्न असहज परिस्थितिका कारण सिनेमा हलहरू बन्द भएसँगै 'कोशेढुङ्गा' को प्रदर्शन पनि स्थगित भएको थियो ।

सोमबारदेखि सिनेमा हलहरू सञ्चालनमा आएसँगै कोशेढुङ्गाको प्रदर्शनले निरन्तरता पाएको हो । राम्रो 'वर्ड अफ माउथ' पाइरहेका बेला हल बन्द भएपछि प्रदर्शन रोकिएको सिनेमाले अब पनि त्यस्तै सकारात्मक प्रतिक्रिया पाउनेमा निर्माण पक्ष विश्वस्त छ ।

निर्देशक पौडेलले सुरुमा जस्तै दर्शकबाट 'कोशेढुङ्गा' ले अब पनि सकारात्मक प्रतिक्रिया पाउनेमा आफू आशावादी रहेको बताए । 'हाम्रो चलचित्रलाई हेर्ने दर्शकले राम्रो भन्नुभएको छ,' उनले भने, 'अब पनि दर्शकको उत्तिकै साथ र सहयोग पाउनेमा हामी आशावादी छौं ।'



भदौ १२ गतेदेखि प्रदर्शनमा आएको 'कोशेढुङ्गा' ले देशभरबाट बलियो 'वर्ड अफ माउथ' पाइरहेका बेला निर्माता, निर्देशक र कलाकार मोफसलका दर्शक भेट्न विभिन्न स्थान पुगेका थिए । देशका विभिन्न सहरका दर्शकले चलचित्र राम्रो भएको प्रतिक्रिया दिइरहेको अवस्थामा आफूहरू ठुलो संख्यामा दर्शकले चलचित्र हेर्नेमा आशावादी रहेको निर्माता किशोर अनुरागले बताए ।

नरदेवी फिल्मस्को प्रस्तुति रहेको चलचित्रका लेखक पनि सरोज पौडेल नै हुन् । चलचित्रमा अभिनेत्री सुरक्षा पन्त, मञ्जिल कुमार, आर्यन सिग्देल, ऋचा शर्मा, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, विशाल पहाडी, लोकमणि सापकोटा, हिउँवाला गौतमको अभिनय छ । सिर्जना अधिकारी, शेखर चापागाईं, दिनेश काफ्ले, सिरु विष्ट, स्नेहा जोशी, सुबलमणि सापकोटा, सविता रेग्मीलगायतले पनि चलचित्रमा अभिनय गरेका छन् ।

चलचित्रको निर्मातामा प्रेविल कँडेल र किशोर अनुराग छन् । कार्यकारी निर्माता दिनेश खड्का हुन् । बाबु श्रेष्ठले छायांकन गरेको चलचित्रलाई नहकुल खड्काले सम्पादन गरेका हुन् । चलचित्रको गीतमा खेम सेन्चुरी, आशिष अविरल र रिदम कँडेलले संगीत दिएका छन् ।



**नेपाल 'ए'-आसाम टी-२० क्रिकेट**

# समीर चम्किँदा घरेलु टोली श्रीलंकाविरूद्ध शानदार जित





■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१७ च्याम्पियनसिपअन्तर्गत घरेलु टोली श्रीलंकाविरुद्ध नेपालका समिर कुमारले २ गोल गरेपछि शानदार जित हात पारेको छ । श्रीलंकाको कोलम्बोमा सम्पन्न उद्घाटन खेलमा नेपालले श्रीलंकालाई २-० ले पराजित गरेको हो ।

पहिलो हाफमा गोलरहित बराबरी खेलेका यी दुई टिम दोस्रो हाफमा आक्रामक रूपमा प्रस्तुत भएका थिए ।

पहिलो हाफको खेलको ३९औं मिनेटमा नेपालका फरवार्ड समीर कुमार गोलको नजिक रहे पनि उनको प्रहार दोस्रो बार नजिकैबाट बाहिरिएको थियो ।

त्यसपछि लगत्तै नेपालले पाएको अवसरलाई मिडफिल्डर सुशन थापामगरले राइट साइडबाट दिएको कटब्याकमा समीरको प्रहारले पोस्टको दिशा लिन नसक्दा नेपाल पुनः अग्रता लिनबाट बञ्चित रह्यो ।

त्यसअघि श्रीलंकाले खेलको ३२ औं मिनेटमा खेलमा अग्रता लिने राम्रो अवसर गोलमा परिणत गर्न सकेन । इशाकको हेडर नेपाली गोलकिपर रामबहादुर बोहराले नियन्त्रणमा लिन सकेनन् । फुत्किएको बल दोस्रो बारमा ठोक्किएर बाहिरिएको थियो ।

पहिलो हाफको २८औं मिनेटमा मोहम्मद इफाम दोहोरो पहेँलो कार्ड खाँदै मैदानबाट बाहिरिए पनि नेपालले श्रीलंकाविरुद्ध गोल गर्न भने सकेन । पहिलो हाफमा दुवै टिमबाट कुनै पनि गोल हुन सकेन ।

नेपालले खेलको ५२ औं मिनेटमा नेपालका लागि ..ले हेडिङमार्फत् गोल गर्दै खेलमा अग्रता दिलाए । त्यसपछि लगातार दबाब दिएको नेपालका लागि उनले नै खेलको ९० मिनेटमा दोस्रो गोल गर्दै जित सुनिश्चित गरेका थिए ।

समूह 'ए' अन्तर्गत नेपालले आफ्नो दोस्रो खेलमा बिहीबार बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको दोस्रो दिन मंगलबार समूह 'बी'का दुई खेल हुनेछन् । पहिलो खेलमा भारतले माल्दिभ्सको सामना गर्नेछ । दोस्रो खेलमा भुटान र पाकिस्तान भिड्नेछन् ।

# वेस्ट इन्डिजविरुद्ध खेल्ने नेपाली क्रिकेट टोलीको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल क्रिकेट संघ (क्यान) ले वेस्ट इन्डिजविरुद्ध हुने युनिटी कप ट्वान्टी-२० अन्तरराष्ट्रिय शृंखलाका लागि नेपालको टोली घोषणा गरेको छ ।

संयुक्त अरब इमिरेट्स (युएई) को शारजाह क्रिकेट रंगशालामा आगामी असोज दोस्रो सातामा हुने उक्त शृंखलाका लागि क्यानले रोहितकुमार पौडेलको कप्तानीमा १६ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको हो ।

त्यसैगरी नेपाली टोलीको उपकप्तान दीपेन्द्रसिंह ऐरी, विकेटकिपर आसिफ शेख, कुशल भुर्तेल, लोकेस बम, कुशल मल्ल, आदिल आलम, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, आरिफ सेख, सन्दीप जोरा, ललितनारायण राजवंशी, गुलशन झा र साहब आलम छन् ।





टोलीमा आदिल अन्सारी र सन्दीप जोराले भने पुनरागमन गरेको हुन् । आदिल सन् २०२२ पछि पहिलोपटक राष्ट्रिय टोलीमा परेका हुन । त्यस्तै सन्दीप पनि २०२४ को टी ट्वान्टी विश्वकप पछि टोलीमा समावेश भएका हुन् । नेपालले युएईमा वेस्ट इन्डिजविरुद्ध तीन खेलको ट्वान्टी-२० शृंखला खेल्दैछ । जसमा नेपालले आगामी असोज ११, १३ र १४ गते खेल्नेछ ।

**आइसिसी महिला विश्वकप ग्लोबल छनोट**

# सहभागी सबै टोलीको लाग्यो टुंगो

**काठमाडौं (प्रस)–** आगामी वर्ष नेपालमा हुने आइसिसी महिला ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटकामा सहभागी हुने सबै टोलीको टुङ्गो लागेको छ ।

सोमबार सम्पन्न इस्ट एसिया-प्यासिफिक छनोटको च्याम्पियन बन्दै पपुवा न्युगिनीले अन्तिम स्थान सुनिश्चित गरेको हो । अब ग्लोबल छनोटमा नेपाल (आयोजक), आयरल्यान्ड, स्कटल्यान्ड, नेदरल्यान्ड्स, थाइल्यान्ड, अमेरिका, जिम्बावे, बंगलादेश, नामिबिया र पपुवा न्युगिनी गरी १० टोलीले प्रतिस्पर्धा गर्नेछन् ।





नेपाल र थाइल्यान्ड एसिया, नेदरल्यान्ड्स र स्कटल्यान्ड युरोप, जिम्बाबे र नामिबिया अफ्रिका, अमेरिकाले अमेरिकी क्षेत्रको छनोट पार गरेर ग्लोबल छनोट पुगेका हुन् । यसैगरी बंगलादेश र आयरल्यान्डले सिधै ग्लोबल छनोट खेल्दैछन् ।

बंगलादेश र स्कटल्याण्ड गत संस्करणको विश्वकप खेलेका आधारमा सोझै ग्लोबल छनोटमा प्रवेश गरेका हुन् ।

छनोट आगामी जनवरी १२ देखि फेब्रुअरी ५ सम्म हुनेछ । प्रतियोगिताबाट शीर्ष चार टोली आगामी वर्ष इङ्ल्यान्डमा र वेल्समा हुने महिला ट्वान्टी-२० विश्वकपका लागि छानिने छन् ।



पूर्वी चीनको शानडोङ प्रान्तको लिनयी सहरस्थित एउटा पार्कमा रमाउँदै गरेका बालबालिका । *तस्बिरः एएफपी*

# बंगलादेश सुधार चार्टरमा सहमति, कार्यान्वयनमा मतभेद

**ढाका–** बंगलादेशको अन्तरिम सरकारले सोमबार राजनीतिक दलहरू व्यापक सुधार चार्टरमा सैद्धान्तिकरूपमा सहमत भएका तर कार्यान्वयन प्रक्रियामा मतभेद देखिएको बताएको छ । सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहबाट प्रधानमन्त्री शेख हसिना अपदस्थ भएपछि १७ करोड जनसंख्या भएको देश गम्भीर राजनीतिक उथलपुथलमा परेको थियो ।

अन्तरिम नेता मुहम्मद युनुसले सोही विद्रोहपछि तयार गरिएको २८ पृष्ठको 'जुलाई चार्टर' लाई समर्थन गरेका छन् । यसमा प्रधानमन्त्रीलाई दुई कार्यकालसम्म सीमित गर्ने र राष्ट्रपतिको अधिकार विस्तार गर्ने प्रस्ताव समावेश छन् ।

सहमति आयोगका उपाध्यक्ष अली रियाजले करिब ३० दलसँग वार्ता गरेका छन् । आइतबार सम्पन्न दोस्रो चरणको वार्तापछि उनले भने,



'राजनीतिक दलहरू ८४ वटा सुधार प्रस्तावमा सहमत छन् । केही असहमतिमात्र छन् । अहिले विवादको मुख्य बिन्दु तिनीहरूलाई कार्यान्वयन गर्ने तरिका हो ।'

मुख्य विवाद चार्टरको कानुनी आधारलाई लिएर हो । आलोचकहरूले फेब्रुअरीमा हुने चुनाव नभएसम्म यसले संविधानलाई ओभरराइड गर्न नसक्ने बताएका छन् । उनीहरूका अनुसार नयाँ संसद्ले मात्र यसलाई अनुमोदन गर्न सक्छ ।

शक्तिशाली बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले संसद्ले आफ्नो भाग्यको बारेमा निर्णय गर्न जोड दिन्छ भने इस्लामवादी पार्टी जमात-ए-इस्लामी र अन्यले यसलाई तुरुन्तै अनुमोदन गर्न चाहन्छन् । जमात-ए-इस्लामीले चार्टर पारित गर्न दबाब दिने उद्देश्यले सेप्टेम्बर १८ मा ढाकामा र सेप्टेम्बर २६ मा देशव्यापी र्‍याली गर्ने तयारी गरेको छ । रियाजले भने, 'कागजात मूलतः तयार भइसकेको छ । हामीले दलहरूलाई हस्ताक्षरका लागि प्रतिनिधि नामांकन गर्न आग्रह गरेका छौं ।' यसैबीच अन्तरिम नेता युनुसले एकताको महत्त्व औंल्याउँदै भनेका छन्, 'हामी असहमतिमा अन्त्य गर्न सक्दैनौं । चुनाव सफल हुन सहमति अपरिहार्य छ ।' *रासस/एएफपी*

# ट्रम्पको दोस्रो राजकीय भ्रमणमा बेलायतको भव्य तयारी

**लण्डन–** विन्डसर क्यासलमा ५० मिटर लामो महोगनी (एक प्रकारको वृक्ष) टेबल सजिँदै छ, शाही गाडी तान्ने घोडाहरू अभ्यास गर्दै छन् र सैन्य गार्डले सटिक अभ्यास गरिरहेका छन् ।

लण्डनको पश्चिममा रहेको करिब एक हजार वर्ष पुरानो महलको हल र मैदाभरि सयौं मानिसहरूले राजा चार्ल्स तृतीयले यस हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोस्रो राजकीय भ्रमणमा स्वागत गर्न सम्भव भएसम्म उत्तम प्रदर्शन गर्न सुनिश्चित गर्न काम गरिरहेका छन् ।



यो भ्रमण चम्किलो मुकुट, ब्रास ब्याण्ड र २०० वर्ष पुरानो चाँदीमा पस्किने भोजसहित बेलायतले विशेष पाहुनालाई दिने बेलायतमा अन्य कतै नभएको भव्यता र समारोहको प्रदर्शन हो । तर यसको उद्देश्य स्पष्ट छ- ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिका कारण कमजोर भएको व्यापार र सुरक्षा सम्बन्धलाई बलियो बनाउनु ।

शाही इतिहासकार रोबर्ट लेसी भन्छन्, 'यदि ट्रम्पले विन्डसर क्यासलमा बस्ने मौका पाउनुभएन भने उहाँ आउनुहुन्न, बरु स्वर्गीय महारानीलाई श्रद्धाञ्जलि दिन र राजालाई भेट्न चाहनुहुन्छ ।'

## सफ्ट पावरको प्रयोग

राजनीतिक शक्ति त्यागेर औपचारिक भूमिकामा सीमित भए पनि शाही परिवार 'सफ्ट पावर' को शक्तिशाली साधन बनेको छ । राजकीय भ्रमण शाही कूटनीतिको सर्वोच्च औजार हो, जसका लागि विश्व नेताहरू प्रतिस्पर्धा गर्छन् ।

स्वर्गीय महारानी एलिजाबेथ द्वितीयले सात दशक लामो शासनमा तानाशाहदेखि नेल्सन मण्डेलासम्मलाई आतिथ्य दिएकी थिइन् । पछिल्ला चार अमेरिकी राष्ट्रपति पनि शाही आतिथ्यको हिस्सा भएका छन् ।

न्युक्यासल विश्वविद्यालयका विज्ञ मार्टिन फारका अनुसार यस्ता आतिथ्यले मित्रताको भावना जगाउँछ, जसले 'अनुरोधलाई सजिलै स्वीकार गर्ने वातावरण' बनाउँछ । यसपटक बेलायत अनुकूल व्यापार सर्त र युक्रेनबारे सहयोग खोजिरहेको छ ।

त्यसैले प्रधानमन्त्री किर स्टार्मरले ट्रम्पको दोस्रो कार्यकाल सुरु भएको पाँच सातापछि वासिङ्टन पुगेर राजकीय निमन्त्रणा दिएका थिए । विश्व नेतामध्ये पहिलोपटक ट्रम्पले दोस्रो राजकीय भ्रमण पाएका हुन् र यसपटक निमन्त्रणा राजाको व्यक्तिगत पत्रमार्फत आएको थियो ।

## उद्देश्यसहित आतिथ्य सत्कार

मंगलबार राति ट्रम्प र मेलानिया बेलायत पुग्ने छन् । बुधबार राजा चार्ल्स र रानी क्यामिलाले उनीहरूलाई विन्डसर एस्टेटमा स्वागत गर्ने छन् । गार्ड अफ अनर, सैन्य ब्याण्ड र दुवै देशका राष्ट्रिय गान बजाइने छ ।

सैन्य अभ्यास महिनौं अगाडि सुरु भइसकेको छ । सयौं सैनिक, माउन्टेड गार्ड, फुट गार्ड र संगीतकारले कार्यक्रमलाई भव्य बनाउने छन् । कार्यक्रमपछि ट्रम्पले बेलायत-अमेरिकाको साझा इतिहास झल्काउने प्रदर्शनी हेर्ने छन्, जसमा म्याग्ना कार्टाजस्ता ऐतिहासिक कागजात देखाइने सम्भावना छ ।

मुख्य आकर्षण भने बुधबार रातिको राजकीय भोज हुने छ । पुरुषले सेतो टाई र पुच्छर कोट लगाउने छन्, महिलाले गाउन र गहना । प्राचीन क्याण्डेलाब्राको उज्यालोमा मुकुटहरू चम्किने छन् ।

## विशाल भोज र कूटनीतिक सन्देश

राजा र रानीले पाहुनालाई वाटरलू टेबलमा भोज दिने छन् । टेबलको लम्बाइ फुटबल मैदानको आधा बराबर छ र १६० पाहुनाका लागि ठाउँ छ । यो टेबल सजाउन पाँच दिन लाग्छ र चार हजारभन्दा बढी चाँदी-सुनका भाँडाकुँडाले सजाइने छ ।

शाही जीवनीकार ह्युगो विकर्स भन्छन्, 'चाँदी र समारोहले मेलमिलापको बाटो खोल्छ, जुन एलिजाबेथको विश्वास थियो ।' उनका अनुसार प्रधानमन्त्री स्टार्मरले राजाको माध्यमबाट ट्रम्पलाई आकर्षित गरेका छन् र यसैमार्फत युक्रेनलगायत संवेदनशील मुद्दामा सकारात्मक छलफल सम्भव हुने छ । मुख्य छलफल बिहीबार चेकर्समा हुने छ, जहाँ ट्रम्प र स्टार्मरबीच भेट हुने छ । *रासस/एपी*

# हरित प्रविधिमा म्यान्माको अग्रसरता

**यांगुन–** हालै सम्पन्न 'म्यान्मा सवारी तथा पाट्र्स प्रदर्शनी २०२५' मा चिनियाँ विद्युतीय सवारीसाधनहरूले विशेष ध्यान आकर्षित गरेका छन् । म्यान्माको सवारीसाधन क्षेत्रलाई नयाँ दिशातर्फ अघि बढाउनमा यिनको भूमिका महत्त्वपूर्ण देखिएको छ ।

तीन दिनसम्म सञ्चालन भएको उक्त प्रदर्शनीमा सहभागी भएका सबै ३५ सवारी ब्राण्ड चीनबाट आएका थिए, जसमा करिब ३० ब्राण्ड विद्युतीय सवारी निर्माणमा केन्द्रित थिए । प्रदर्शनीको सहआयोजक सिल्भर सी इन्टरनेसनल कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक उजर नि टिन म्यिन्टले भने, 'आजको समयमा चीन सवारीसाधन उद्योगमा अग्रणी बनेको छ । चिनियाँ ब्राण्डहरूको गुणस्तर विश्वभर स्वीकार गरिएको तथ्य हो ।'

यस प्रदर्शनीको अवसरमा 'ऊर्जाको रूपान्तरणः विद्युतीय सवारीको भविष्य' नामक ज्ञान आदानप्रदान कार्यक्रम पनि आयोजना गरिएको थियो ।

## सरकारी प्रोत्साहनपछि विद्युतीय सवारीप्रतिको रूचिमा उल्लेखनीय वृद्धि

सन् २०२३ यता म्यान्मा सरकारले विद्युतीय सवारीसाधन आयातमा कर छुट, पुल तथा सडक महसुलमा छुटजस्ता सुविधा प्रदान गरेपछि, आमजनमानसको यसप्रति आकर्षण उल्लेखनीयरूपमा बढेको देखिएको छ । स्वान थु आङ कम्पनीका प्रमुख व्यापार अधिकृतको सित पैङले भने, 'सुरुआतमा हामीसँग १०-१५ वटामात्र विद्युतीय सवारी थिए, अहिले हामीले करिब ३०० वटा वितरण गरिरहेका छौं, जसमा ६०-७० वटा हाम्रो आफ्नै सञ्चालनमा छन् ।'

उनले थपे, 'विद्युतीय सवारी चलाउन सजिलो, खर्चमा किफायती र चार्ज गर्न घर, सार्वजनिक



स्थान वा सौर्य ऊर्जाको उपयोग गर्न सकिने भएकाले यसको प्रयोग सहज र व्यावहारिक बन्दै गएको छ ।'

म्यान्मा सरकारले सार्वजनिक गरेको विद्युतीय सवारी मार्गचित्र अनुसार सन् २०२६-२७ देखि आधा तयार अवस्थामा आयात गरी देशमै जोडिने प्रक्रिया (स्थानीय संयोजन) प्रारम्भ हुने छ, जसले देशभित्रै उत्पादन प्रवर्द्धनमा योगदान पुर्‍याउने छ ।

## चिनियाँ कम्पनीहरूको उल्लेखनीय उपस्थिति

बाइडी, एमजी, लिप मोटर, डोङफेङजस्ता चिनियाँ कम्पनीहरूले म्यान्माको बढ्दो सवारी बजारमा सकारात्मक प्रभाव पारेका छन् । प्रदर्शनीमा बाइडी कम्पनीले आफ्ना सङ एल, हान, सिल, र ई-२ मोडेलहरू प्रस्तुत गरेको थियो । प्राइम मोटर म्यान्माका बाइडी बिक्री प्रमुख क्याव जाव तुनका अनुसार बाइडीले प्रयोग गर्ने 'ब्लेड ब्याट्री' प्रविधि विश्वभर प्रसिद्ध छ । म्यान्मामा पनि यसका प्रयोगकर्ताहरू दिनप्रतिदिन बढिरहेका छन् ।

उनले भने, 'अहिले सवारीको मूल्य अघिल्लो वर्षको तुलनामा घटेको छ, सेवा सुविधा पनि सहज बन्दै गएको छ । यस्ता पक्षहरूले उपभोक्तालाई आकर्षित गरिरहेका छन् ।' बिएआइसी कम्पनीले पनि आफ्नो आर्कफक्स अल्फा एस-५ नामक उच्चस्तरीय विद्युतीय सवारी सो प्रदर्शनीमा देखाएको थियो । यस कम्पनीका बजार व्यवस्थापक को म्यात थु ले भने, 'विद्युतीय सवारीको माग बढ्नुमा सञ्चालन खर्च तथा मर्मतसम्भार लागत कम हुनु पनि एक मुख्य कारण हो । सेवा केन्द्र र चार्ज गर्ने स्थानहरू विस्तार हुँदै जाँदा यसको प्रयोग अझ बढ्ने छ भन्ने विश्वास छ ।'

## चार्ज गर्ने संरचनामा पनि विस्तार

म्यान्मामा अहिले चार्ज गर्ने पूर्वाधार पनि तीव्ररूपमा विस्तार भइरहेका छन्, जसमा चिनियाँ प्रविधिले ठूलो भूमिका खेलेको छ । नेक्स चार्ज सोल्युसनका बजार व्यवस्थापकको ये आङ भन्छन्, 'हामीले हालसम्म पेट्रोल पम्प, घर तथा भवन निर्माण कम्पनीहरूका लागि एक हजारभन्दा बढी चार्ज यन्त्रहरू उपलब्ध गराएका छौं, जसमा सबै उपकरण चीनमै निर्मित हुन् ।'

## सर्वसाधारणमा बढ्दो आकर्षण

प्रदर्शनी अवलोकन गर्न आएका मायांगोन नगरपालिकाका बासिन्दा हेइन ह्टेट ऊले भने, 'हामी बाइडी र लिप मोटरको सवारी हेर्न आएका थियौं । हामीजस्ता उपभोक्ताका लागि राम्रो बिक्रीपछिको सेवा र वारेण्टी प्रणाली नै मुख्य कुरा हो ।'

उनले थपे, 'हाल म्यान्मामा प्रयोग भइरहेका विद्युतीय सवारीमध्ये सबैभन्दा बढी संख्यामा चिनियाँ सवारी छन् । यहाँसम्म कि केही जापानी कम्पनीका सवारी पनि चीनमै उत्पादन हुने गर्छन् । मूल्यअनुसार चिनियाँ सवारीले दिन सक्ने सुविधा सन्तोषजनक देखिएको छ ।'

विश्लेषकहरूका अनुसार यस प्रदर्शनीले स्पष्टरूपमा चिनियाँ विद्युतीय सवारीसाधनहरूले म्यान्माको सवारी उद्योगलाई नयाँ दिशातर्फ लैजाँदै छन् । प्रतिस्पर्धात्मक मूल्य, बलियो सेवा सञ्जाल र प्रविधिमा आधारित प्रणालीका कारण चिनियाँ कम्पनीहरूले यहाँको सवारी बजारमा महत्त्वपूर्ण स्थान बनाउँदै लगेका छन् । *रासस/सिन्ह्वा*

# कतारको आह्वानः इजरायललाई सजाय देऊ



**दोहा–** दोहामा हमासका सदस्यहरूमाथि इजरायली आक्रमणको प्रतिक्रियामा बोलाइएको आपत्कालीन शिखर सम्मेलनको पूर्वसन्ध्यामा कतारका प्रधानमन्त्रीले आइतबार अन्तर्राष्ट्रिय समुदायलाई 'दोहोरो मापदण्ड' अस्वीकार गर्न र इजरायललाई जवाफदेही बनाउन आग्रह गरेका छन् ।

इजरायलको घातक आक्रमणले आलोचनाको लहर सुरु गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले असन्तोष प्रकट गरे पनि समर्थन देखाउन विदेशमन्त्री मार्को रुबियोलाई इजरायल पठाएका छन् । अरब र इस्लामिक नेताहरूको सोमबार आयोजित आपत्कालीन भेलाले खाडी मुलुकबीच एकताको प्रदर्शन गरेको छ । यसले गाजामा युद्ध र मानवीय संकट अन्त्य गर्न बढ्दो आह्वानलाई थप बल दिन खोजेको छ ।

'अन्तर्राष्ट्रिय समुदायले दोहोरो मापदण्ड प्रयोग गर्न रोकिनुपर्ने र इजरायलले गरेका सबै अपराधका लागि सजाय दिनुपर्ने समय आएको छ,' प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले तयारी बैठकमा भने । उनले गाजामा इजरायलको 'उन्मूलन युद्ध' सफल नहुने दाबी गरे ।

'इजरायललाई निरन्तरता दिने प्रमुख कारण मौनता र अन्तर्राष्ट्रिय समुदायको कमजोरी हो,' उनले भने । कतारले यस क्षेत्रमा सबैभन्दा ठूलो अमेरिकी सैन्य आधार राखेको छ र अमेरिकासँगै इजिप्टसँग मिलेर इजरायल-हमास युद्धमा मध्यस्थताको प्रमुख भूमिका खेलेको छ । प्रधानमन्त्री शेख मोहम्मदले हालैको अमेरिका भ्रमणमा राष्ट्रपति ट्रम्पसँग रात्रिभोज गरेका थिए । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - २१५२०० | प्रति तोला - ० | प्रति तोला - २५७५ |

## पर्यटन पुनःउत्थान गर्न सरकार र निजी क्षेत्र एकसाथ



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको पर्यटन पुनःउत्थान गर्न सरकार र निजी क्षेत्रले सामूहिक एक्यबद्धता जनाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सक्रियता र नेपाल पर्यटन बोर्डको समन्वयमा सोमबार भएको छलफलमा सरोकार भएका संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूले सबै मिलेर पर्यटन पुनःउत्थानमा लाग्ने बताए ।

'जेन-जी' आन्दोलनका कारण नेपालको पर्यटन संरचनामा पनि ठूलो क्षति र चुनौती थपिएको उल्लेख गर्दै सहभागीले त्यसका बाबजुद पर्यटन क्षेत्र पुनःस्थापना र प्रगतिको मार्गमा अघि बढिरहेको धारणा राखे ।

मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पर्यटन क्षेत्रलाई पुनर्जीवन दिनका लागि नीतिगत अड्चन फुकाउन मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गर्दै निजी क्षेत्रको सहकार्य अपरिहार्य रहेको बताए । उनले भने, 'पर्यटन क्षेत्रको पुनःउत्थानका लागि आवश्यक सुधार गर्न तत्काल पहल थालिएको छ । नेपालको छवि सुधार र सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत नेपाल सुरक्षित गन्तव्य भएको विषय विदेशमा फैलाउन आवश्यक पहल गर्न हामी काम गरिरहेका छौं ।'

सचिव मैनालीले नेपाल आउने पर्यटकलाई पहिलो प्राथमिकतामा राख्दै उहाँहरूको सुरक्षित आवागमनको सहजीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन पनि दिए । 'यस घटनाले हामीलाई धेरै सिकाएको छ । प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषद् विस्तार हुने क्रम सुरु भएसँगै राम्रो सन्देश विश्वभर पुगेको छ । हामी आशावादी भएर काम गरिरहेका छौं ।' पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले यस सिजनलाई सक्रिय बनाउन 'पर्यटन प्याकेज' सार्वजनिक गर्नुपर्ने बताए । उनले दूतावास, गैरआवासीय नेपाली र अन्य सञ्जालमार्फत नेपाल सुरक्षित छ भन्ने सन्देश दिन आवश्यक रहेको बताए ।

पर्यटन बोर्ड पोखरा कार्यालय प्रमुख मणिराम लामिछानेले पोखरामा रहेका पर्यटन व्यवसायीसँग त्यहाँ भएको क्षतिको विवरण संकलनका लागि समन्वय भएको उल्लेख गर्दै त्यहाँ आवागमन गर्ने पर्यटकलाई आवश्यक सहजीकरण गर्न तयार रहेको बताए । उनले भने, 'हाम्रा ट्रेकिङ रुटहरू सुरक्षित छन् । साहसिक पर्यटकीय गन्तव्यमा पनि सहज आवागमन सुरु भइसकेको छ । त्यसकारण पोखरा आवागमन गर्ने पर्यटकलाई कुनै समस्या हुँदैन, आवश्यक सहजीकरणका लागि हामी तयार छौं ।'

होटल संघ नेपालका अध्यक्ष विनायक शाहले होटल व्यवसायमा क्षति भए पनि पाहुनाका लागि स्वागत र आतिथ्य सेवामा कुनै कमी नहुने बताए । 'साहसिक पर्यटनका क्षेत्रमा खासै असर परेको छैन । यो क्षेत्र सुरक्षित भएकाले पर्यटकको संख्या बढ्दै गएको छ', उनको भनाइ थियो । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्टस् (नाटा) का अध्यक्ष कुमारमणि थपलियाले नेपाल सुरक्षित रहेको सन्देश व्यापक बनाउनुपर्ने बताएका छन् । उनले प्राकृतिक विपद् र हालको संकट फरक भएकाले दीर्घकालीन समस्या समाधानका लागि काम गर्नुपर्ने धारणा राखे ।

पर्यटन बोर्डका सदस्य ऋषि भण्डारीले पुनःउत्थानका लागि निरन्तर प्रयत्न आवश्यक रहेको बताएका छन् । 'हरेक संकटपछि नेपालको पर्यटन पुनःउत्थानमा पाँच-पाँच वर्ष लाग्ने गरेको छ । यस पटक हामीले छोटो अवधिमै उदाहरणीय काम गर्नुपर्छ', उनले भने ।

राष्ट्र बैंकको प्रतिवेदन

## २८ खर्ब नाघ्यो विदेशी विनिमय सञ्चिति

■ प्रभाव संवाददाता



**काठमाडौं–** मुलुकको विदेशी मुद्रा सञ्चिति २८ खर्ब रूपैयाँ पुगेको छ । चालु आर्थिक वर्षको असार मसान्तमा कूल सञ्चिति २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ४.८ प्रतिशतले वृद्धि भई २०८२ साउन मसान्तमा २८ खर्ब ६ अर्ब ४ करोड पुगेको हो ।

केन्द्रीय बैंकले नयाँ अर्थमन्त्रीले पदभार ग्रहण गरेकै दिन देशको वर्तमान आर्थिक तथा वित्तिय स्थिति सार्वजनिक गर्दै उक्त कुरा जनाएको हो । राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको तथ्यांकमा रेमिट्यान्स, मुद्राको सञ्चिती, शोधनान्तर बचत र चालु खाताको रकम बढेको छ ।

राष्ट्र बैंकका अनुसार कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा २४ खर्ब १४ अर्ब ६४ करोड रहेकोमा २०८२ साउन मसान्तमा २५ खर्ब ११ अर्ब ४५ करोड पुगेको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा २ खर्ब ६३ अर्ब ४ करोड रहेकोमा २०८२ साउन मसान्तमा १२.० प्रतिशतले वृद्धि भई २ खर्ब ९४ अर्ब ५८ करोड कायम भएको छ ।

पहिलो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २०.४ महिनाको वस्तु आयात र १६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

### साउन महिनामा घट्यो मूल्यवृद्धि

साउन महिनामा मूल्यवृद्धि ह्वात्तै घटेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.६८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.०९ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.२८ प्रतिशतले नकारात्मक छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः ६.१७ प्रतिशत र २.९४ प्रतिशत रहेको थियो ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.९७ प्रतिशत, गैर-मदिराजन्य पेय पदार्थको ४.६४ प्रतिशत र फलफूलको ३.०१ प्रतिशतले बढेको छ । तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १८.५६ प्रतिशत, मरमसलाको ४.८१ प्रतिशत र माछा तथा मासुको २.४१ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.६० प्रतिशत, शिक्षाको ७.६७ प्रतिशत, कपडाजन्य तथा जुत्ता चप्पलको ६.८४ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ५.०६ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.६८ प्रतिशतले बढेको छ । बीमा तथा वित्तीय सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ०.२२ प्रतिशतले घटेको छ । यो अवधिमा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १.६५ प्रतिशत तथा सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १.७० प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.८४ प्रतिशत, मधेस प्रदेशको १.८६ प्रतिशत, बागमती प्रदेशको १.६७ प्रतिशत, गण्डकी प्रदेशको १.०३ प्रतिशत, लुम्बिनी प्रदेशको १.३५ प्रतिशत, कर्णाली प्रदेशको १.७९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ०.३१ प्रतिशत रहेको छ । समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.२६ प्रतिशत, तराईको १.३३ प्रतिशत, पहाडको १.५६ प्रतिशत र हिमालको २.५९ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्यांक छ ।

### एक महिनामा १७७ अर्ब रेमिटयान्स भित्रियो

एक महिनामा १ खर्ब ७७ अर्ब ४१ करोड रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७.७ प्रतिशतले वृद्धि भई १३६ अर्ब ६० करोड रहेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २५.० प्रतिशतले वृद्धि भई १ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १५.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर १ खर्ब ९३ अर्ब ८५ करोड पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १ खर्ब ४८ अर्ब ८ करोड रहेको थियो । यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४४ हजार ४६६ र पुनः श्रम स्वीकृति लिनेको संख्या २३ हजार ६४४ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ३६ हजार ९२८ र २२ हजार ६४७ रहेको थियो ।

**कर्पोरेट**

## एनसेल भन्छ– हामी फेरि उठ्ने छौं, तपाईंहरूसँगै, एनसेल नेपालकै लागि

**काठमाडौं (प्रस)–** देशमा गत साता भएको तोडफोडमा परेको एनसेलले हामी फेरि उठ्ने छौं भन्दै नयाँ उत्साहका साथ एनसेल नेपालकै लागि भन्ने प्रतिबद्धता दोहोर्‍याएको छ ।

एक विज्ञप्ति निकाल्दै एनसेलले भनेको छ, 'गतहप्ताको तोडफोडका घटनाले हाम्रो काठमाडौंस्थित मुख्य कार्यालय 'एनसेल आइकम' सहित महेन्द्रनगर, धनगढी र पोखरास्थित क्षेत्रीय कार्यालयहरूलाई गम्भीर




क्षति पुर्‍याएको कुरा गहिरो दुःखका साथ पुष्टि गर्दछौं । यी घटनाले भौतिक क्षति मात्र नभई कर्मचारीहरूको सुरक्षा र सेवा निरन्तरतामा पनि गम्भीर जोखिम उत्पन्न गराएका थिए ।'

विज्ञप्तिमा, 'यी चुनौतीहरूको बाबजुद, एनसेल सधैं झैं देश र आम जनमानसलाई दूरसञ्चार सेवामा निरन्तर पहुँच सुनिश्चित राख्ने आफ्नो मूल उद्देश्यमा अडिग रह्यो । संकटको समयमा सहज रूपमा सेवाको उपलब्धता सुनिश्चित गर्नका लागि हामीले तीन दिनसम्म निःशुल्क लोकल भ्वाइस कल, एसएमएस र इन्टरनेट सेवा उपलब्ध गरायौं । हामीले विगत २० वर्षदेखि नेपाली जनसमुदायलाई सेवा पुर्‍याउने कार्यलाई प्रमुख प्राथमिकता दिँदै आएका छौं र यसले हाम्रो ग्राहकप्रतिको अटुट समर्पणलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ,' भनिएको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'अब नेपाल अन्तरिम सरकारको नेतृत्वमा नयाँ अध्यायतर्फ अघि बढ्दै गर्दा, नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई हामी हार्दिक बधाई ज्ञापन गर्दछौं । देशका युवाहरूको अगुवाइमा गरिएको यस आन्दोलनले ल्याएको परिवर्तनलाई हामी स्वागत गर्दछौं र यो परिवर्तनले सबै नेपालीका लागि अझ ठूलो एकता, शान्ति र समृद्धि ल्याओस् भन्ने सामूहिक आशा हामी साझा गर्दछौं ।'

'२० वर्षदेखि एनसेलले सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा नेपालको रूपान्तरण यात्रामा साथ दिँदै, रोजगारी सिर्जना, आर्थिक वृद्धिलाई गति प्रदान गर्दै र डिजिटल नेपाल निर्माणको भिजनमा योगदान पुर्‍याउँदै आएको छ । आज हामी अझै दृढ संकल्प र सहनशीलताका साथ देश र जनताको सेवा गर्ने आफ्नो प्रतिबद्धता पुनः दोहोर्‍याउन चाहन्छौं । हामी आफ्ना कर्मचारी, ग्राहक र जनसमुदायसँग काँधमा काँध मिलाएर उभिएका छौं र अहिलेसम्म प्रदान गर्नु भएको साथ, समर्थन तथा ऐक्यबद्धताप्रति हृदयदेखि आभारी छौं । अन्त्यमा, गत हप्ताको अन्दोलनका क्रममा ज्यान गुमाएकाहरूको आत्माको चिरशान्तिको कामना गर्दै, घाइतेहरूको शिघ्र स्वास्थ्यलाभको लागि शुभेच्छा प्रकट गर्दछौं,' एनसेलले जनाएको छ ।

## सिद्धार्थ बैंक र वाटरफ्रन्ट रिसोर्टबीच सम्झौता

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र वाटरफ्रन्ट रिसोर्ट प्रा. लि. बिच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।




सम्झौता अनुसार लेकसाईड, पोखरा स्थित वाटरफ्रन्ट रिसोर्टमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सकिनेछ । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्प्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिने जनाइएको छ ।

## कोरला नाकाबाट सयभन्दा बढी विद्युतीय सवारी आयात

■ प्रभाव संवाददाता

**मुस्ताङ–** यहाँको लोमान्थाङस्थित कोरला नाकाबाट १०० बढी विद्युतीय सवारी आयात गरिएका छन् । भन्सार विभागको प्रक्रिया पुर्‍याइ चीनबाट आयात गरिएका ती सवारी हाल भन्सार कार्यालय न्हेचुङमा राखिएका छन् ।

मुस्ताङ भन्सार कार्यालयले कोरलानाकाबाट करिब ५०० बढी बीवाइडी कम्पनीका सवारी आयात गरिने जनाएको छ । आठ दिन अघि मात्रै खुल्ला गरिएको यस नाकाबाट हालसम्म १०० बढी विद्युतीय सवारी भित्रिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिए ।

यसअघि ती विद्युतीय सवारी रसुवागढी र तातोपानी नाकाबाट आयात गर्ने तयारी थियो । तर, त्यहाँका नाका बाढी पहिरोका कारण अवरुद्ध भएपछि कोरलानाका वैकल्पिक रूपमा प्रयोग गरिएको हो । 'भन्सार कार्यालयका अनुसार कोरलानाकाबाट ५०० भन्दाबढी ईभी ल्याउने जनाइएको छ,' उनले भने, 'चिनियाँ भन्सारमा जाँचपास भएपनि नेपाली भन्सारले पनि जाँचपास गर्छ ।'

चीनबाट आयात गरिएका विद्युतीय सवारीका लागि चार्जिङ स्टेशन प्रमुख समस्या रहेको मुस्ताङ भन्सार कार्यालय प्रमुख रमेश खड्काले जानकारी दिए ।

यस नाकाबाट गाडीसहित पर्व लक्षित लत्ता कपडा, विद्युतीय र कस्मेटिक सामग्री आयात गर्ने तयारी गरिएको छ । चिनियाँ भन्सारमा जाँचपास भई नेपाल भित्रिएका केही मझौला मालवाहक कन्टेनर न्हेचुङ आइपुगेका छन् । मालवस्तु ढुवानीका लागि ७० देखि ८० वटा मझौला कन्टेनर बेनी-जोमसोम-कोरला सडक हुँदै कोरलानाका आइपुगेको भन्सार प्रमुख खड्काले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ